# लेखापरीक्षण प्रतिवेदन

## मधुवन नगरपालिका, बर्दिया

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# मधुवन नगरपालिका, बर्दिया

आर्थिक वर्ष २०८१/८२

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/252

श्रीमान् नगरप्रमुखज्यू,
मधुवन नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, बर्दिया ।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( राम प्रकाश महतो )
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं

प.सं.:2082/83
च.न :APPROVED/FAR/2081-82/LOC/252

मिति : २०८३-१-२९

श्रीमान् नगरप्रमुखज्यू,

मधुवन नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय, बर्दिया।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियत सहितको राय

हामीले त्यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिमको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले अन्तरसरकारी अख्तियारी तर्फको आर्थिक कारोबारको विवरण समावेश गरेको छैन।

२.२. नगरपालिकाको रु.१ अर्ब ६६ करोड ६२ लाख १४ हजारको लेखापरीक्षणबाट रु.३ करोड ५२ लाख ५६ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु.५ लाख ६ हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रु. ६ लाख ७५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड २ लाख ८९ हजार र नियमित गर्नुपर्ने रु. १ करोड ३७ लाख ८६ हजार गरी जम्मा रु.३ करोड ४७ लाख ५० हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजु रु. २६ करोड १३ लाख ८१ हजार मध्ये यसवर्षको थपसमेत हालसम्म अद्यावधिक बेरुजु रु. २९ करोड ६१ लाख ३१ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने

लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

## ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत मधुवन नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## ५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।



( राम प्रकाश महतो )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६१ | ३७ | ३,५२,५६,७१७ | ० | ८ | ५,०६,७३० | ० | ६१ | २९ | ३,४७,४९,९८७ | ६,७५,३०० | १,३७,८५,७७० | २,०२,८८,९१७ | ० | ० | ३,४०,७४,६८७ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बर्दिया | २६,१३,८१,९५२ | ० | ० | २६,१३,८१,९५२ | ० | ३,४७,४९,९८७ | २९,६१,३१,९३९ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| **यस वर्षको प्रतिक्रियाबाट सम्परीक्षण** | | | | |
| १ | २०८१/८२ | ४७.५ | राजश्व तथा आन्तरिक आय | १९,३८३ |
| २ | २०८१/८२ | ३९ | बढी भुक्तानी | ११,३१० |
| ३ | २०८१/८२ | ३३,४५ | पारिश्रमिक कर | १,३९,१२९ |
| ४ | २०८१/८२ | ३८ | धरौटी फिर्ता | ३,३६,९०८ |
| **जम्मा** | | | | **५,०६,७३०** |

# मधुवन नगरपालिका, बर्दिया

# ( ८०५५८४०५३०० )

# मधुवन नगरपालिका , बर्दिया

# परिचय

१

**(क) पालिकाको परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ९ वडा रहेका छन् भने क्षेत्रफल १२९.७३ वर्ग किलोमिटर तथा जनसंख्या ५८३४६ रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस पालिकाको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस पालिकाको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८२।९।२५ देखि २०८२।९।२९ सम्म रहेको छ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा पालिकाले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय-व्यय जम्मा रू.१ अर्ब ६६ करोड ६२ लाख १४ हजार को लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रू.२,६०,८०२ असुल भइ दाखिला प्रमाण पेश भएको छ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | अग्रीम कर दाखिला | ३०५७९ |
| २ | पारिश्रमिक कर कट्टी दाखिा | ५५९२० |
| ३ | बहाल कर दाखिला | २७६६५ |
| ४ | सामाजिक सुरक्षा कर कट्टी दाखिला | २७७९२ |
| ५ | कुसुम्बा हाटबजार राजश्व दाखिला नभएको दाखिला | ७६९५० |
| ६ | संघीय सरकारको बढी खर्च फिर्ता | ४१८९६ |

२ **एकीकृत वित्तीय विवरण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय संचीत कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा सम्लग्न गरिएको छ। पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण निम्नानुसार छः-

| प्राप्ति | | | भुक्तानी | | |
|---|---|---|---|---|---|
| **विवरण** | **रकम** | **रकम** | **विवरण** | **रकम** | **रकम** |
| **१.सुरु मौज्दात** | | ७१५२१०७९.१२ | **१.चालु खर्च** | | ४०७६३६३६४.०० |
| क) संचित कोष | ५१०७१२०२.३७ | | क) पालिका तर्फ | १८१०३६२९८.०० | |
| ख) धरौटी | १५३१०२४२.७५ | | ख) संघीय सशर्त | २२५४३९०५४.०० | |
| ग) विविध खर्च खाता | ११६४५०.०० | | ग) प्रदेश विशेष | ११६१०१२.०० | |
| घ) स्थानिय तह बिबिध कोष खाता | १०१५१६९.०० | | **२. पुँजीगत खर्च** | | १६५०४६९१०.०० |
| ङ) स्थानिय तह प्रकोप व्यवस्थापन कोष खाता | २०३४९१.०० | | क) पालिका तर्फ | १३४१०९७१२.०० | |
| च) स्थानीय तह विभाज्य कोष खाता | ३८०४५२४.०० | | ख) संघीय सशर्त | ४३०६७६६.०० | |
| | | ०.०० | ग) संघीय समपुरक | ८९४४५४५.०० | |
| **२.यस वर्षको आय** | | ५०२५४२८१.९८ | घ) प्रदेश सशर्त | ७१८५८८७.०० | |
| **क) आन्तरिक आय** | २९५४७५८९.४३ | | ङ) प्रदेश समपुरक | १०५००००.०० | |
| **ख) घरजग्गा रजिष्ट्रेसन** | १७२०६६९२.५५ | | **३. अन्तर सरकारी अख्तियारी (संघ)** | | २१८०८३५३२.०० |
| **ग) स्थानीय तह विभाज्य कोष खाता** | ३५०००००.०० | | क) सामाजिक सुरक्षा | २१८०८३५३२.०० | |
| **३.वित्तीय हस्तान्तरण (संघ)** | | ५०६७३७३८९.१० | **४. धरौटी फिर्ता तथा सदर स्याहा** | ६९४७८१४.०० | ६९४७८१४.०० |
| क) समानीकरण अनुदान | १२७४५४६४०.०० | | **५, स्थानीय तह विविध कोष खाता खर्च** | १०९७९८६.०० | १०९७९८६.०० |
| ख) राजस्व बाँडफाँट | १०९६८१७४९.१० | | **६. विविध खर्च खाता** | २७४२००७.०० | २७४२००७.०० |
| ग) सशर्त अनुदान | २५९६०१०००.०० | | **अनुदान फिर्ता** | | |
| घ) समपुरक अनुदान | १००००००.०० | | ७. संघ तर्फ | | ३०८६८७३९.०० |
| **४. वित्तीय हस्तान्तरण (प्रदेश)** | | ४१४६९५१६.९७ | क) सशर्त अनुदान | २९८१३२८४.०० | |
| क) समानीकरण अनुदान | ९६२७०००.०० | | ख) समपुरक अनुदान | १०५५४५५.०० | |
| ख) राजस्व | ८८६२२३१.१८ | | ८. प्रदेश तर्फ | | ३६५३१०१.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| बाँडफाँट | | | | | |
| ग) सशर्त अनुदान | १०५००००००.०० | | क) सशर्त अनुदान | ३३१४११३.०० | |
| घ) समपुरक अनुदान | १०५००००००.०० | | ख) विशेष अनुदान | ३३८९८८.०० | |
| ङ) विशेष अनुदान | १५००००००.०० | | **९.अन्तिम मौज्दात** | | ६५५८२७६३.६३ |
| च) रोयल्टी | ४८०२८५.७९ | | क) संचित कोषको मौज्दात | ४२२६२६८१.८८ | |
| **५. अन्तर सरकारी अख्तियारी (संघ)** | | २१८०८३५३२.०० | ख) स्थानीय तह विभाज्य कोष खाता | ३७९८७९२.०० | |
| क) सामाजिक सुरक्षा | २१८०८३५३२.०० | | ग) धरौटी मौज्दात | १८१४७३६५.७५ | |
| ६. धरौटी आय | ९७८४९३७.०० | ९७८४९३७.०० | घ) विविध खर्च खाता | ११५१९६९.०० | |
| ७. स्थानीय तह विविध कोष खाता | १००००००.०० | १००००००.०० | ङ) स्थानीय तह विविध कोष खाता | १८४६४.०० | |
| ८. विविध खर्च खाता आय | २८०८४८१.०० | २८०८४८१.०० | च) स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | २०३४९१.०० | |
| **जम्मा** | ९०१६५९२१६.६३ | ९०१६५९२१६.६३ | **जम्मा** | ९०१६५९२१६.६३ | ९०१६५९२१६.६३ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था छ। पालिकाले २०७९।८।२० मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) सम्बन्धमा निम्नानुसार देखिएको छ :-

३.१ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। स्थानीय तहको वित्तीय विवरणमा स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्नुपर्दछ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रू.२१८०८३५३२ सुत्रमा लेखाङ्कन नगरेकोले प्रस्तुत वित्तीय विवरणले पालिकाको समग्र कारोबारको सही र यथार्थ चित्रण गरेको छैन। पालिकामा हुने सवै आर्थिक कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३.२ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने व्यवस्था छ। साथै खर्च शीर्षकको

वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार गरेको देखिएन। पालिकाको स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| संकेत | खाताको प्रकार | श्रेस्ता अनुसार बाँकी रु. | बैंक अनुसार बाँकी रु. | फरक रु. |
|---|---|---|---|---|
| ग १.१ | आन्तरिक राजश्व खाता | ० | ० | ० |
| ग १.२ | बाँडफाँडबाट प्राप्त राजश्व खाता | ० | ० | ० |
| ग १.३ | आन्तरिक अनुदान खाता | ० | ० | ० |
| ग २.२ | चालू खर्च खाता -जोर वर्ष | १०२२८५ | ० | १०२२८५ |
| ग २.४ | पुँजीगत खर्च खाता - जोर वर्ष | ४४४२१ | ० | ४४४२१ |
| ग २.७ | विविध खर्च खाता | ११५१९६९ | १२१५९३६ | ६३९६७ |
| ग ३.१ | स्थानीय तह धरौटी खाता | १८१४७३६५.७५ | १८१४७३६५.७५ | ० |
| ग ४.१ | स्थानीय तह सञ्चित कोष खाता | ४२११५९७५.८८ | ४३३९२०६९.८५ | १२७६०९४ |
| ग ५.१ | स्थानीय तह विविध कोष खाता | १८४६४ | १८४६४ | ० |
| ग६.१ | स्थानीय तह विभाज्य कोष खाता | ३७९८७९२ | ३७९८७९२ | ० |
| ग ७.२ | स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | २०३४९१ | २०३४९१ | ० |
| जम्मा | | ६५५८२७६३.६३ | ६६७७६११८.६० | ११९३३५४.९७ |

पालिकाले म.ले.फा.नं.२१२ तयार गरी स्रेस्ता र बैङ्कबीच फरक रकम हुनका कारण यकिन गरी हिसाब मिलान हुनुपर्दछ।

३.३ **कार्य सञ्चालन तथा अन्य कोष** - नेपाल सरकारले कुनै आयोजना वा कार्यक्रम सञ्चालन गर्दा विनियोजन बजेट भित्रबाट गर्ने, विभिन्न कोषमा रकम मौज्दात राख्ने, उक्त कोषबाट खर्च गर्ने पद्धत्तिमा नियन्त्रण गर्ने बेहोरा उल्लेख गरेपनि पालिकाले यस वर्ष कर्मचारी कल्याणकारी कोष, प्रकोप व्यवस्थापन कोष र विविध खर्च खाता जस्ता कोषमा गत वर्षको रू.१३३५११० जिम्मेवारी सारेको र यस वर्ष प्राप्ति भएको रू.३९८४२४८ सहित रू.५३१९३५८ आय र रू. ३९४५४३४ खर्च गर्दा रू.१३७३९२४ मौज्दात देखाएको छ। यसरी कोषमा रकम राखेर खर्च गरी खर्चमा दोहोरा पना आउने, खर्चमा मितव्ययिता कायम नहुने हुँदा अत्यावश्यक बाहेकमा यसरी कोषमा रकम राख्ने, ट्रान्सफर गरेर खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ।

| क्र.सं | कोषको नाम | शुरु मौज्दात | यो वर्षको थप | यो वर्षको खर्च | बाँकी मौज्दात |
|---|---|---|---|---|---|
| १ | विविध खर्च खाता | १०१५१६९ | २९८४२४८ | २८४७४४८ | ११५१९६९ |
| २ | कर्मचारी कल्याण कोष | ११६४५० | १०००००० | १०९७९८६ | १८४६४ |
| ३ | स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | २०३४९१ | ० | ० | २०३४९१ |
| | जम्मा | १३३५११० | ३९८४२४८ | ३९४५४३४ | १३७३९२४ |

## ४ बजेट तथा कार्यक्रम

४.१

**बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) मा पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फागुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले वैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको देखिएन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

४.२ **योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकताका आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा बजेट विनियोजन गरेका वडागत र पालिकास्तरका कुल २०७ योजनामध्ये १५१ अर्थात ७२.९४ प्रतिशत योजना रु.५ लाख मुनिका रहेका छन्।

| क्र.स. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाखसम्मका योजना सङ्ख्या | रु.५ लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिका स्तरीय | ६६ | २० | ३१ | १५ |
| २ | वडा स्तरीय | १४१ | ० | ५ | १३६ |
| जम्मा | | २०७ | २० | ३६ | १५१ |

४.३ **रकमान्तर** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७९ मा स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा २५ प्रतिशत नबढाई रकमान्तर गर्न सकिने व्यवस्था छ। पालिकाले योजना तथा कार्यक्रमका सभाबाट २०८१।३।१० मा रू. ६६ करोड ७० लाख ४३ हजारको बजेट पारित गरी २०८२।४।६ मा प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिएकोमा उक्त योजना तथा कार्यक्रमहरू कार्यान्वियन हुन नसक्नुको कारण उल्लेख नगरी हिँउदे अधिवेशनबाट १०४ योजना तथा कार्यक्रममा रू. ४ करोड ६३ लाख ५६ हजार घट गरी नयाँ १२१ योजना तथा कार्यक्रममा रू. ४ करोड ६३ लाख ५६ हजार रकमान्तर गरेको छ। उक्त रकम सुरू बजेटको तुलनामा ६.९४ प्रतिशत हुन आउछ।साथै रकमान्तर गरेको रकम मध्ये देहायानुसार ४ योजनामा रू.१२ लाख ७ हजार लाख खर्च गरेको देखिएन। रकमान्तर गरी खर्च गर्ने परिपाटीमा सुधार गर्नुपर्दछ।

| क्र.स. | योजनाको नाम | रकम रु हजारमा |
|---|---|---|
| १ | खैरेनी गाँउ देखि ठाकुरद्वारा जाने बाटो देखि पश्चिम नहरको कल्भर्ट सम्म बाटोमा माटो पटानी तथा ग्राभेल | १९४ |
| २ | वडा नं ५ गाँउ नं ११ सिमलचोकमा कल्भर्ट निर्माण | ६३५ |
| ३ | गाँउ नं ८ चित्र भुषालको घरनिर प्रतिक्षालय निर्माण | २७८ |
| ४ | बि.पि प्रा.बि मा शौचालय पुन निर्माण | १०० |
| जम्मा | | १२०७ |

४.४ **त्रैमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा स्वीकृत भएको बजेट तथा कार्यक्रम अनुसूची -२ बमोजिम त्रैमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम रहेको देखिन्छ।

(रू.हजारमा)

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेस्रो | चौथो | |
| पुँजीगत खर्च | १६५०४६ | १३०८३ | १३१२४ | ४४७२३ | ९४११६ | ५३२९९ |
| खर्च प्रतिशत | १०० | ७.९२ | ७.९६ | २७.०९ | ५७.०३ | ३२.२९ |

पालिकाको पुँजीगत तर्फ रू.१६ करोड ५० लाख ४६ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रू.१ करोड ३० लाख ८३ हजार (७.९२ प्रतिशत), दोस्रो त्रैमासिकमा रू.१ करोड ३१ लाख २४ हजार (७.९६ प्रतिशत), तेस्रो त्रैमासिकमा रू.४ करोड ४७ लाख २३ हजार (२७.०९ प्रतिशत) र चौथो त्रैमासिकमा रू.९ करोड ४१ लाख १६ हजार (५७.०३ प्रतिशत) खर्च गरेको देखिन्छ। यसरी नै आषाढ महिनामा मात्र रू.५ करोड ३२ लाख ९९ हजार (३२.२९ प्रतिशत) खर्च देखिनुले सन्तुलित रुपले खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्न सक्ने हुँदा नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

४.५ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

(रू.हजारमा)

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत कूल खर्चको तुलनामा |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २१०८७ | १८२३२ | ३.१८ |
| २ | सामाजिक विकास | ३३७७७९ | ३००१६८ | ५२.४१ |
| ३ | पूर्वाधार विकास | १९५७४८ | १६०२२९ | २७.९८ |
| ४ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ११२४२९ | ९४०५४ | १६.४३ |
| **जम्मा** | | **६६७०४३** | **५७२६८३** | १०० |

पालिकाले कुल बजेट विनियोजनको तुलनामा ८५.८५ प्रतिशत खर्च गरेको छ। त्यस्तै सभाले विनियोजन गरेको बजेट मध्ये कुल खर्चको तुलनामा सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ५२.४१ प्रतिशत र आर्थिक विकास क्षेत्र सबैभन्दा घटी ३.१८ प्रतिशत खर्च गरेको छ। पालिकाले क्षेत्रगत रुपमा सन्तुलन कायम गरी बजेट विनियोजन एवमं खर्चको व्यवस्थापन गर्नुपर्दछ।

## ५ खर्च विश्लेषण

पालिकामा यसवर्ष कुल आन्तरिक आयबाट रू.२,९५,४७,५८९.४३, राजस्व बाँडफाँड र अनुदानबाट रू.५३,४३,२७,१६४.०८ समेत रू.५६,३८,७४,७५३.५१ आम्दानी भएकोमा चालु तर्फ रू.४०,७६,३६,३६४ र पुँजीगत तर्फ रू.१६,५०,४६,९१० समेत रू.५७,२६,८३,२७४ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ५.१५ प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुबिधामा रू.१,१६,०७,८६० खर्च भएको छ जुन आन्तरिक आयको ३९.२८ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७१.१८ प्रतिशत चालु र २८.८२ प्रतिशत पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ।यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको दखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गर्नुपर्दछ।

## ६ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन।

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिम मध्यमकालीन खर्चको संरचना तयार गरेको देखिएन।

• सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको देखिएन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागू गर्न सक्ने व्यवस्था भएकोमा बनाएको पाईएन।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता राखेको पाईएन।

• पालिकाले कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्बन्धमा कुनै मापदण्ड बनाएको छैन साथै अभिलेख समेत राखेको देखिएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन।

• पालिकाले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख देखिएन।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रू.३५ लाख २८ हजार खर्च लेखेकोमा भ्रमण व्यवस्थित नभएको साथै भ्रमणको उद्देश्य स्पष्ट नभइ कार्यालयको कामकाज मात्र उल्लेख गरेको देखियो।

• लुम्बिनी प्रदेश स्थानीय निजामति सेवा ऐन,२०८१ बमोजिम कर्मचारीको कार्य विवरण बनाई लागू गरेको देखिएन।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार नगरेको तथा अनुगमन गरेको देखिने गरी अभिलेख राखेको देखिएन।

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन।

अत: पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्दछ।

## ७ आन्तरिक लेखापरीक्षण

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन। कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ।

## ८ जिन्सी निरीक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सो को निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष जिन्सी निरीक्षण गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन। नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

## ९ संगठन तथा कर्मचारी व्यवस्थापन

९.१ **दरबन्दी तथा पदपूर्ति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले प्रमुख प्रशासकीय अधिकृत सहित ९२ दरबन्दी स्वीकृत गरेकोमा प्रमुख प्रशाकीय अधिकृत सहित ७४ जना पदपूर्ती भएको देखिन्छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका सि.डि.ई, शिक्षा नवौं, अधिकृत छैठौ, प्रशासन सहायक, कृषि अधिकृत लगायत विभिन्न १८ पद रिक्त रहेकोमा रिक्त पदको लोकसेवा आयोगमा माग गरेता पनि पदपूर्ति नभएको पालिकाले जनाएको छ। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा कार्य सम्पादनमा असर पर्न सक्ने देखिन्छ। स्वीकृत दरवन्दी अनुसारको जनशक्ति व्यवस्थापन गरी सेवालाई प्रभावकारी बनाउनुपर्दछ।

९.२ **तलवी प्रतिवेदन** - लुम्बिनी प्रदेश सरकारले जारी गरेको स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ७०(४) मा प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्नु हुँदैन भन्ने उल्लेख छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई स्वास्थ्य तर्फ २६ कर्मचारीको रू.१ करोड ९७ लाख ९१ हजार र पालिकातर्फका ३८ कर्मचारीको रु.२ करोड ४८ लाख ४२ हजार गरी रु.४ करोड ४६ लाख ३३ हजार खर्च लेखेको छ। पारित तलबी प्रतिवेदन बेगर कर्मचारीले भुक्तानी पाउनुपर्ने तथा भुक्तानी भएको ग्रेड रकम यकिन गर्न सकिएन। अत : कानुनमा व्यवस्था भए अनुसार तलबी प्रतिवेदन पारित गरी तलब तथा ग्रेड रकम खर्च लेख्नुपर्दछ।

## १० तह वृद्धि

स्थानीय निजामती सेवा ऐन,२०८१ को दफा ३१ मा तह वृद्धि हुने पदभन्दा एक तह मुनिको पदमा पाँच वर्षको सेवा अवधि पुरा भएको, पछिल्लो पाँच बर्षको कार्य सम्पादन मूल्याङ्कनमा औसत नब्बे प्रतिशत अङ्क प्राप्त गरेका, तह वृद्धि हुँदाका बखत निलम्बन वा विभागीय सजाय नपाएका र भौगोलिक क्षेत्रमा अनुभव प्राप्त गरेका स्थानीय सेवाका कर्मचारीलाई सम्बन्धित सेवा, समुह वा उपसमुहभित्र तह वृद्धि गरिने, दफा ३७ मा यस दफामा व्यवस्था भए बमोजिम बाहेक स्थानीय सेवाका कर्मचारीको सेवा, समुह वा उपसमुह परिवर्तन नहुने व्यवस्था छ। पालिकाले यस वर्ष २२ जना कर्मचारीको तह वृद्धि गरेकोमा कार्यक्रम अधिकृत, अधिकृतस्तर सातौं, सूचना अनुसन्धान तथा प्रकाशन, पार्वती पण्डितलाई स्थानीय प्रशासन सेवा, सामान्य प्रशासन समुहमा तह वृद्धि गरेको देखिन्छ। ऐनमा तह वृद्धि गर्दा सम्बन्धित सेवा, समुह वा समुहभित्रमात्र गरिने र सो बाहेकको अवस्थामा कर्मचारीको सेवा, समुह वा उपसमुह परिवर्तन नहुने व्यवस्था गरेको भएतापनि ऐनमा भएको व्यवस्था विपरीत तह वृद्धि गरेको देखिन्छ। कानुनी व्यवस्थाको पालना गरी तह वृद्धि सम्बन्धी निर्णय गर्नुपर्दछ।

## ११ कानून निर्माण एवं कार्यान्वयन

११.१ **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन बनाउन सक्ने तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने साथै यसरी बनाएको कानून गाउँपालिका तथा नगरपालिकाले प्रदेश सरकार र नेपाल सरकारमा पठाउनु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार हालसम्म २७ वटा ऐन, १ वटा नियमावली, ३६ कार्यविधि, निर्देशिका ६ र अन्य नीतिहरु ६ समेत ७६ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएकोमा प्रदेश सरकार र नेपाल सरकारमा पठाएको देखिएन।

११.२ **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था रहेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १

र यो वर्ष थप भएको ६० गरी कुल ६१ विवाद दर्ता भएकोमा ५७ वटा फस्यौंट भई ४ वटा बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

## १२ नक्सा दर्ता र पास

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७(१) मा गाउँपालिका/नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ। पालिकाको भवन निर्माण ईजाजत शाखाबाट भएको नक्शा दर्ता संख्या तथा नक्सापास संख्याको विवरण देहाय बमोजिम रहेको छः

| क्र.सं. | आर्थिक वर्ष | विगत वर्षको बाँकि | नक्सा दर्ता संख्या | नक्सापास संख्या | बाँकि |
|---|---|---|---|---|---|
| १ | **२०८१/८२** | ४ | २ | २ | ४ |

उपरोक्त विवरण अनुसार गत वर्षको बाँकि ४ र यस वर्ष नयाँ दर्ता २ समेतबाट यस वर्ष ६ वटा नक्सापास गरेको हालसम्म २ नक्सा पास गर्न बाँकि रहेको देखिन्छ। नक्सा पास गर्नुपर्ने व्यवस्थालाई कडाईका साथ कार्यान्वयन गरी सुरक्षित शहरी विकासको अवधारणालाई कार्यान्वयन गर्नुपर्दछ।

## १३ परामर्श सेवा खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ र ९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरी आवश्यकताको पहिचानका आधारमा परामर्श सेवा खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै दफा २९ (१क) मा परामर्श सेवा खरिद गर्दा सम्वन्धित सार्वजनिक निकायमा उपलव्ध जनशक्तिवाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था रहेको छ। यस पालिकाले यो वर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायका परामर्शदाता कम्पनीलाई रू.४९४१९३ परामर्श शुल्क बापत भुक्तानी गरेको विवरण पेश गरेको छ।

| गो.भौ.नं. र मिति | विवरण | परामर्शदाता | लागत अनुमान | खर्च रकम |
|---|---|---|---|---|
| ५९५-२०८१।१०।९ | प्रारम्भिक वातावरणिय प्रतिवेदन(IEE) | दीभान्सलट्या इन्जिनियरिङ्ग कन्सन्ट कन्स्ट्रक्शन एण्ड सप्लायर्स प्रा.लि. | २४९७३० | २४७००६ |
| ५९६-२०८१।१०।९ | प्रारम्भिक वातावरणिय प्रतिवेदन(IEE) | शर्मा ईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. | २५०००० | २४७१८७ |
| जम्मा | | | ५००००० | ४९४१९३ |

## १४ सामुदायिक वनबाट आय

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (ख) मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोगसम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने र वार्षिक कार्ययोजना बमोजिमको वन पैदावारको बिक्रीबापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित पालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। त्यस्तै वन ऐन, २०७६ को दफा २२ मा सामुदायिक वन उपभोक्ता समुहले कार्य योजना बमोजिम आर्जन गरेको बार्षिक आयबाट कम्तिमा पच्चिस प्रतिशत रकम वनको विकास, संरक्षण तथा व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकमको कम्तिमा पचास प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी गरिबी न्युनिकरण, महिला शसक्तिकरण तथा उद्धम विकास कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ। त्यस्तै वन नियमावली, २०७९ को नियम ४५ मा सामुदायिक वन उपभोक्ता समुहले प्रत्येक आर्थिक बर्ष समाप्त भएको तीन महिनाभित्र बार्षिक प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन, बिक्री गरेको वनपैदावरको बार्षिक विवरण लगायतका कागजात र विवरण स्थानीय तहमा बुझाउनुपर्ने व्यवस्था छ। पालिकाभित्र ५२ वटा सामुदायिक वन उपभोक्ता समुह रहेकोमा नियमावली बमोजिमका विवरण बुझाएको देखिएन भने सामुदायिक वन उपभोक्ता समुहले आर्जन गरेको बार्षिक आयको कम्तिमा ३७ प्रतिशत रकम स्थानीय तहसँग समन्वय गरी गरिबी न्युनिकरण, महिला शसक्तिकरण तथा उद्धम विकास कार्यमा खर्च गरेको देखिएन।पालिकाले आफ्नो कार्य क्षेत्रभित्रका सामुदायिक वन उपभोक्ता समुहको

अभिलेख अद्यावधिक गरी आवश्यक सहयोग तथा सहजीकरण गरी बार्षिक आयको कम्तिमा ३७ प्रतिशत रकम गरिबी न्युनिकरण, महिला शसक्तिकरण तथा उद्धम विकास कार्यमा खर्च गर्ने व्यवस्था गर्नुपर्दछ।

## १५ राजस्व बाँडफाँड

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२(क) मा पालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको विक्रि गरी प्राप्त राजश्व आफ्नो संचितकोषमा दाखिला गर्न सक्ने उल्लेख छ। त्यस्तै प्रदेश आर्थिक ऐन,२०८१ को दफा ८ मा आर्थिक वर्ष २०८१।८२ मा प्रदेश भित्रको ढुङ्गा गिट्टी बालुवाको राजश्व असुल गरी विभाज्यकोषमा दाखिला गरी स्थानीय संचितकोषमा साठी प्रतिशत तथा प्रदेश संचितकोषमा चालिस प्रतिशत दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले गत वर्ष रू.३८०४५२५ र यस वर्ष रू.६०७०२६० समेत उक्त स्रोतबाट रु.९८७४७८४ आम्दानी गरेको छ।

## १६ कृषि अनुदान तथा पशु अनुदान

कृषि क्षेत्रको रुपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्द्धन लगायतका कृषि,पशुपन्छी,बालीनाली,मत्स्य आदी सम्बन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ। यस वर्ष लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत यस वर्ष ४३६० जनाको लागि रू. २९९४२४० खर्च भएको देखिन्छ।यस्ता खर्चको पारदर्शिता र जवाफदेहीता प्रबर्द्धनको लागि यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेवसाइटमा सार्वजनिक गर्ने व्यवस्था गर्नुपर्दछ।

| क्र.स. | कार्यक्रमको नाम | पालिकाको लागत | सहभागी | रकम रु हजारमा |
|---|---|---|---|---|
| १ | सिचाई कार्यको लागि मोटर, बोरिङ्ग जडान | ५० प्रतिशत | ११ | ५५०००० |
| २ | बसन्ते मकै विस्तार कार्यक्रम वीउ वितरण | ५० प्रतिशत | १९७७ | ४९०००० |
| ३ | धानको वीउ वितरण | ५० प्रतिशत | १४६० | ९००००० |
| ४ | हाते चारा मेशिन वितरण | ५० प्रतिशत | ६५ | ८०९२५० |
| ५ | ढैचाको विउ वितरण कार्यक्रम | | ८९ | ९९९९० |
| ६ | मकै चरी घाँस विउ वितरण | १०० | ७५८ | १४५००० |
| | जम्मा | | ४३६० | २९९४२४० |

## १७ यन्त्र उपकरण सञ्चालन

पालिकामा रहेका यन्त्र उपकरण सञ्चालन गरी पालिकाले इन्धन, चालक पारिश्रमिक र मर्मत खर्च तथा सञ्चालन आय निम्नानुसार रहेको छ। पालिकाले उक्त उपकरण सञ्चालनको लगसिट राखेको देखिएन भने लगानी र आय विष्लेषण समेत गरेको पाइएन। उपकरण संचालन कार्यविधि तयार नगरी पालिकाका पदाधिकारीहरुको मौखिक निर्देशनमा सञ्चालन हुने गरेको पाइयो। यसरी सञ्चालन हुँदा यन्त्र उपकरण सञ्चालन व्यवस्थित व्यवस्थित रुपमा हुन सकेको छैन भने प्राप्त आय प्रति विश्वस्त हुन सक्ने अवस्था रहेको छैन। पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राखी यस्ता उपकरण सञ्चालन गर्दा लाभ- लगत विश्लेषण गर्नुपर्दछ।

| क्र.सं. | सामानको विवरण | इन्धन खर्च | मर्मत खर्च | आय |
|---|---|---|---|---|
| १. | व्याकहोलोडर | २८१५०५ | ८९७८४७ | ४०३०० |
| २ | ट्याक्टर | १०३६०० | २२७१७४ | ० |
| ३. | ट्रिप्पर | ५३२८० | २९१३७३ | ० |

## १८ सेवा प्रवाह

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को परिच्छेद - ३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था छ।पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा निम्नानुसार सेवा प्रवाह गरेको देखिन्छ।

| विवरण | निवेदन दर्ता | सिफारिस भएको संख्या |
|---|---|---|
| पञ्जिकरणतर्फ | | |
| जन्मदर्ता | ९२९ | ९२९ |
| मृत्युदर्ता | ३४६ | ३४६ |
| बसाईसराई दर्ता | २२७ | २२७ |
| विवाह दर्ता | ४४८ | ४४८ |
| सम्बन्धविच्छेद दर्ता | ६७ | ६७ |

१९ **कर्मचारी प्रोत्साहन भत्ता**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ८६(१) मा स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६(२) मा अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका २०८१ परिच्छेद ७ को बुँदा ४७ मा अतिरिक्त समय र बिदाको दिन काम गर्दाको खाजा खाना सम्बन्धी व्यवस्था छ। पालिकाले १४ औं नगर सभाको बैठकले सहायक तेस्रो स्तरलाई रू.४००० देखी प्रमुख प्रशासकीय अधिकृतलाई रू.१५००० हजार सम्मको मासिक दिने निर्णय बमोजिम उक्त शीर्षकमा वर्षभरीमा रू.३६,०५,३३५ खर्च गरेको छ। यस्तो खर्च कुल आन्तरिक आय रू.२,९५,४७,५८९ को १२.२० प्रतिशत छ। प्रोत्साहन भत्तालाई कार्यसम्पादन सूचकमा आधारित बनाई आन्तरिक आयको आधारमा उपलब्ध गराउने व्यवस्था गर्नुपर्दछ।

२० **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमाली,२०७७ को नियम ३९ मा सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टी हुने विल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिकाले यसवर्ष कुल आन्तरिक आय रू.२,९५,४७,५८९ को तुलनामा करिव १५.३५ प्रतिशत अर्थात् रू.४५ लाख ३७ हजार खाना, खाजा, पानी, चिया तथा विभिन्न कार्यक्रम खर्च लगायतका शीर्षकमा खर्च गरेको छ। विविध खर्च गर्दा खर्चको विल भरपाई पेश भएतापनि कतिपय खर्चका विलभरपाई साथ सो कामसँग सम्बन्धित निर्णय सहितका पुष्टि हुने प्रमाण संलग्न गर्ने गरेको देखिएन। विविध खर्चको स्पष्ट उद्देश्य र खर्चको यथार्थता प्रमाणित हुने प्रमाण राखेर खर्च गर्ने व्यवस्था गर्नुपर्दछ।

२१ **इन्धन खर्च**

सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ परिच्छेद ३ मा सवारी साधन पाउने पदाधिकारीलाई इन्धन सुविधा पाउने मापदण्ड रहेको छ। पालिकामा ट्याक्टर, सव बाहन, स्कार्पियो, पिकअप, ब्याकहो लोडर, मोटर साइकल लगायतका विभिन्न प्रकारका ३२ सवारी साधन रहेकोमा सवारी साधनको लागि पाउने ईन्धन सुविधा सम्बन्धमा मापदण्ड कार्यविधि बनाएको देखिएन। पालिकाबाट प्राप्त विवरण अनुसार चालु हालतमा रहेका मोटरसाइकल - २० , स्कुटर -१, दमकल -१, स्कार्पियो -१, पिकअप- १, ब्याकोहोलोडर-१, ट्रिपर -१, सबबाहन -१, ट्याक्टर -१, एम्बुलेन्स-१ गरी जम्मा सवारी साधन २९ संचालनमा रहेको देखिन्छ। यस वर्ष पालिकाले ईन्धन वापत रू.४६ लाख ७ हजार खर्च गरेको छ जुन आय रू.२ करोड ९५ लाख ४७ हजार को १५.५९ प्रतिशत हुन आउछ। इन्धन खर्च गर्दा मापदण्ड बनाई खर्च गर्नुपर्दछ।

२२ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु.३० लाख ५६ हजार आर्थिक सहायता वितरण गरेको छ।

निश्चित विधि र मापदण्ड बेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ।

२३ **आन्तरिक आय**

२३.१ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रू.२,६०,००,००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रू.२९,५,४७,५८९.४३ अर्थात अनुमान भन्दा १३.६४ बढी आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्दछ।

२३.२ **कर तथा शुल्क असुली** - यस पालिकाले पछिल्लो तीन आर्थिक वर्षमा आन्तरिक आय बापत असूल गरेको राजश्वको स्थिति निम्न अनुसार रहेको छः-

| क्र.सं. | आम्दानी शीर्षक | २०७९।८० को असुली | २०८०।८१ को असुली | २०८१।८२ को अनुमान | २०८१।८२ को असुली |
|---|---|---|---|---|---|
| १ | सम्पती कर | ५९२४५९८ | ६२५९५६३ | १००००००० | ६०२८५१० |
| २ | भुमिकर/मालपोत | ४१०७५ | ३७४८३ | ३००००० | १२३४००७ |
| ३ | वहाल कर | १४९५८७० | १५०४११४ | ९००००० | १७७५१३८ |
| ४ | वहाल विटौरी कर | २०२०००९ | ३९८४५७ | १२००००० | २०६११७७ |
| ५ | सवारी साधन कर (साना सवारी) | ० | ३००० | ० | १६०० |
| ६ | अन्य मनोरञ्जन कर | ० | ० | ० | १०० |
| ७ | व्यवसायले भुक्तानी गर्ने | २१२२२५ | ११४० | ५००००० | ० |
| ८ | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ० | ० | ० | १२६० |
| ९ | अखेटोपहारमा लाग्ने कर | ० | ० | १००००० | ० |
| १० | अन्य कर | ११९६७० | ५५०९० | १५००००० | ४१००३५ |
| ११ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | १४९७२१३ | ५२८२५९ | २०००००० | ८९१८८५ |
| १२ | कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | ० | ० | ० | १००० |
| १३ | अन्य बिक्रीबाट प्राप्त रकम | ४५२८१५ | २२९१५ | १००००० | २०० |
| १४ | विद्युत सेवा शुल्क | ० | ० | ० | २७६०० |
| १५ | अन्य सेवा शुल्क तथा बिक्री | ० | २३४३८७ | ७००००० | ३०७४५ |
| १६ | न्यायिक दस्तूर | ० | ७५०० | १००००० | २९०० |
| १७ | शिक्षा क्षेत्रको आम्दानी | ४३४९२६५ | ४३८६५८३ | १०००००० | ४६९२०४३ |
| १८ | परीक्षा शुल्क | १०६३०० | ६९४०० | २००००० | १५६०० |
| १९ | अन्य प्रशासनिक सेवा शुल्क | ० | २४९६५० | ० | ५५३१५० |
| २० | नक्सापास दस्तुर | ८९६७५९ | ६९७९०२ | २०००००० | ८६८७४५ |
| २१ | सिफारिश दस्तुर | २५१०३९३ | ३३१४३४१ | ० | ३८७०२२१ |
| २२ | व्यक्तिगत घटना दर्ता दस्तुर | ० | ७०४०० | ५००००० | ४५४१०० |
| २३ | नाता प्रमाणित दस्तुर | ० | ८६९६९९ | २०००००० | ४६५०१० |
| २४ | अन्य दस्तुर | ३२५६६०२ | ८७३३४५ | २०००००० | ८२६०९० |
| २५ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ० | १७२०० | ० | ७७०० |
| २६ | विद्युत सम्बन्धी दस्तुर | ० | ० | ० | १२६०० |
| २७ | अन्य क्षेत्रको आय | ० | ४६०० | ० | ७२०० |
| २८ | न्यायिक दण्ड, जरिवाना र जफत | १४८७०० | ११६७०० | २००००० | १३९०० |
| २९ | अन्य राजस्व | ० | ३३९४२३८ | ० | ४७८९०५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३० | व्यवसाय कर | ० | ३६१४०० | ७००००० | ६२५२७५ |
| ३१ | बेरूजू | ० | ० | ० | १९९४६९३ |
| ३२ | निकासा फिर्ता | ० | ० | ० | २७५००० |
| ३३ | अनुदान फिर्ता | ० | ० | ० | १९२१२०० |
| जम्मा | | २३०३१४९४ | २३४७७३६६ | २६०००००० | २९५४७५८९ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित गरेको देखिएन साथै बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेको देखिएकाले उल्लिखित असुली रकम यथार्थपरक रहेको कुरामा विश्वस्त हुन सकिएन। आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

२३.३ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रू.6,25,275 कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक नगरेको कारण पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था देखिदैन। पालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

## २४ वितरणमुखी खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। विपन्न तथा लक्षित वर्गलाई फाईदा पुग्ने, समूहमा आधारित कार्यक्रम तथा न्यून आय वर्गका लागि दीगो रोजगारी सिर्जना गर्न सक्ने कार्यक्रममा अनुदान प्रदान गर्दा समूहको सिफारीस व्यक्तिको खरिद गर्न सक्ने क्षमताको मूल्याँकन, वितरित सामानको दिगो उपयोग तथा दिगो आयआर्जनको उपयुक्त व्यवस्था मिलाएर मात्र अनुदान वितरण गर्नुपर्दछ। यस्तो खर्चले नागरिकको जीवनस्तरमा प्रत्यक्ष उपलब्धी हाँसिल हुने देखिंदैन। यस्तो प्रकारको कार्यमा कार्यविधि तयार समेत गरेको नदेखिएकोले वितरणमुखी कार्यक्रम गर्दा वास्तविकता र आवश्यकतामा आधारित रही पारदर्शी तवरले गर्नुपर्दछ। यस सम्बन्धि केही उदाहरण निम्नानुसार छन् ।

| गो.भौ.नं. र मिति | कार्यक्रम | भुक्तानी रकम |
|---|---|---|
| ४२३-२०८१।९।९ | महिला स्वयसेविकालाई ब्लाङ्केट र तन्ना वितरण (८ जना) | ४९९९१ |
| ६६८-२०८१।१०।२२ | ५१ जना वडघरहरुलाई ज्याकेट वितरण | ७४४६६ |
| ८१४-२०८१।११।२० | माघी मिलन कार्यक्रम | २००००० |
| ८२७-२०८१।११।२१ | ४२ ज्येष्ठ नागरिकलाई कम्बल वितरण | ४५००० |
| ८३७-२०८१।११।२३ | ३१५ जना ज्येष्ठ नागरिकलाई ज्याकेट, ट्राउजर सेट वितरण | २३९७२७ |
| ९२८-२०८१।११।२७ | वडा नं. ४ का ६६ जना दलितलाई झुल वितरण | ४९८१९ |
| १२००-२०८२।१।२५ | ज्येष्ठ नागरिक सम्मान कार्यक्रममा २४५ जनालाई झुल वितरण | ९९९४२ |
| १४४९-२०८२।३।१६ | ज्येष्ठ नागरिक सम्मान कार्यक्रममा २२४ जनालाई छाता र झुल वितरण | १८८४५६ |
| १५५३-२०८२।३।२३ | राष्ट्रिय थारु कलाकार मञ्च लाई माघेसंक्रान्ति चाड | ५०००० |
| ९४१-२०८१।११।२७ | ४३ जना लक्षित वर्गलाई दोशल्ला कार्यक्रम | ४९९५९ |

## २५ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ मा मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ४० वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ।

## २६ पुँजीगत खर्चको विवरण

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(१) मा सार्वजनिक निकायले खरिद गर्दा तोकिए बमोजिमको अवस्था र खरिद मूल्यका आधारमा कुनै विधि अपनाई खरिद गर्न सक्ने व्यवस्था छ। पालिकाले यस वर्ष निम्नानुसार खरिद विधि अवलम्बन गरी खरिद गरेको विवरण पेश भएको छ।

| क्र.स. | खरिद विधि | संख्या | खर्च रकम रु. |
|---|---|---|---|
| १ | खुला बोलपत्र | २० | ११९४०४४०५ |
| २ | सिलवन्दी दरभाउपत्र | ५ | ४५४१७३७ |
| ३ | सोझै खरिद | १८ | ९१२७८९१ |
| ४ | उपभोक्ता समिति | ११४ | २७८९२६६३ |
| ५ | गैरसरकारी संख्या | २९ | ४०८०२१४ |
| जम्मा | | १८६ | १६५०४६९१० |

सोझै खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी, पारदर्शी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।

## २७ नक्सापास

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७(१) मा कसैले पनि गाउँपालिका वा नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने, त्यस्तै दफा २८(१) मा गाउँपालिका वा नगरपालिका क्षेत्रमा भवन निर्माण गर्न चाहने व्यक्ति वा सरकारी कार्यालयले भवन निर्माणको अनुमतीको लागि भवनको नक्सा सहित गाउँपालिका वा नगरपालिकाले तोकेको ढाँचामा दरखास्त दिनुपर्ने व्यवस्था छ। पालिकाले यस बर्ष मन्दिर, अस्पताल भवन तथा विद्यालय भवन निर्माण कार्य गरेकोमा भवन तथा संरचना निर्माण गर्दा नक्सापास नगरी गरेको देखिन्छ। भवन निर्माण गर्नको लागि व्यक्ति तथा सरकारी कार्यालयले अनिवार्य रुपमा पालिकाले तोकेको ढाँचामा नक्सापास गर्नुपर्ने व्यवस्थाको पालना गर्नुपर्दछ।

## २८ अनुत्पादक खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(३) मा पालिकाले योजना बनाउँदा उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने, महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने बिषयलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ। त्यस्तै आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६ को दफा १०(१)घ मा आयोजना तथा कार्यक्रमको लागि बजेट प्रस्ताव गर्दा बढि प्रतिफल वा उपलब्धि प्राप्त हुने, तुलनात्मक लाभ बढि भएका र सामाजिक लाभ उच्च भएका आयोजना वा कार्यक्रमको प्रस्ताव गर्नुपर्ने व्यवस्था छ। यस बर्ष मन्दिर, चर्च तथा थनुवा मरुवाको लागि रु.५२९०९४० खर्च गरेको देखिन्छ। जुन आन्तरिक आम्दानी रकम रू. २९५४७५८९ को १७.९० प्रतिशत हुन आउँछ। तत्काल तथा दीर्घकालीन प्रतिफल नदिने कार्यमा खर्च गर्ने कार्यमा नियन्त्रण गरी उत्पादनमूलक, रोजगारमूलक तथा नागरिकको जिवनस्तर उकास्ने खालका कार्यक्रम तथा योजनामा खर्च गर्ने व्यवस्था गर्नुपर्दछ।

## २९ सेवा करारबाट राजीनामा

संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम प्रधानमन्त्री रोजगार कार्यक्रममा सेवा करारमा कार्यरत दिल बहादुर रोकाले स्वेच्छिक राजीनामा दिएको देखियो। नगरपालिकामा २ वर्ष देखि सेवा दिदै आएका कर्मचारीको योगदानको कदर गर्दै २०८१।११।२३ मा नगर कार्यपालिकाको ६१ औं बैठकले प्रोत्साहन स्वरुप रू.५०००० निर्णय गरी भुक्तानी गरेको देखिन्छ। ऐन कानून बेगर निर्णयको आधारमा करार कर्मचारीलाई भुक्तानी भएको रकम असुल गर्नुपर्ने रू

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५०,००० |

## ३० क्याम्पसलाई अनुदान

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(ञ) मा पालिकाको कार्यक्षेत्र आधारभूत र माध्यामिक शिक्षाको संचालन सम्वन्धी कार्यहरु तोकेको छ। पालिकाले गुँरास बहुमुखी क्याम्पस सञ्चालन तथा व्यवस्थापनमा रू.२१,००,०००।- उपलब्ध गराएको छ। पालिकाले कार्यक्रम संचालन गर्दा आफ्नो कार्यक्षेत्रभित्रको कार्यक्रम संचालन गर्नुपर्नेमा कार्यक्षेत्र भन्दा बाहिर खर्च लेखेको निमयमसम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | २१,००,००० |

## ३१ अन्य कार्यालयको खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १८ मा बजेट निकासा सम्वन्धि व्यवस्था रहेको छ। सोही ऐनको दफा १८(४) मा एक मन्त्रालय वा निकाय मातहतको कार्यालय मार्फत कार्यक्रम संचालन गरी खर्च गर्न आवश्यक भएमा विनियोजन भएको निकायको सचिवले सम्वन्धित मन्त्रालय वा निकायको सचिवलाई खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। पालिकाले आफ्नो कार्यक्षेत्र भन्दा बाहिरका देहायका निकायलाई गरेको खर्च नियमसम्मत नदेखिएको रू.

| गो.भौ.नं. र मिति | विवरण | कार्यालय | रकम |
|---|---|---|---|
| २६४-२०८१।८।९ | गेट निर्माण | सशस्त्र प्रहरी वल नेपाल बोर्डर आउट धनौरा | ५०००० |
| ४५०-२०८१।९।१२ | सवारी साधन मर्मत | सशस्त्र प्रहरी वल नेपाल बोर्डर आउट धनौरा | ६००० |
| ८६२-२०८१।११।२३ | टेलिभिजन ३२" | ईलाका प्रहरी कार्यालय बर्दिया | ३३००० |
| ८९-२०८१।६।२१ | सवारी साधन भाडा | ईलाका प्रहरी कार्यालय,सानोश्री | ६०५०० |
| ४७०-२०८१।९।१७ | मूल गेट निर्माण | सशस्त्र प्रहरी वल नेपाल बोर्डर आउट धनौरा | १९४००० |
| १०९३-२०८२।१।७ | सहायता कक्ष र स्तनपाल कक्षको रंगरोजन | ईलाका प्रहरी कार्यालय | ९९०८१ |
| १३४६-२०८२।३।९ | मोटर जडान | ईलाका प्रहरी कार्यालय, सानोश्री | २७००० |
| १३५४-२०८२।३।१२ | गोल घर निर्माण | ईलाका प्रहरी कार्यालय, सानोश्री | १४०४२३ |
| २३६-२०८२।३।१५ | भान्सा घर र गेट निर्माण | नेपाल भूतपूर्व प्रहरी समन्वयन संगठन | १४४९७५ |
| १४२४-२०८२।३।१५ | क्यानन प्रिटर, ल्याप टप खरिद | भूमि सुधार तथा मालपोत कार्यालय,गुलरिया | १५०००० |
| १८-२०८१।७।८ | वायरिङ्ग | जनजागृती सामुदायिक वन उपभोक्ता समिति | ४२९३२ |
| २७-२०८१।८।११ | सामाग्री | प्रहरी चौकी, ताराताल | ३०००० |
| ३७-२०८१।९।२ | तारबार र ट्रस निर्माण | नेपाल रेडक्रस सोसाईटी | २८३८७९ |
| ५५-२०८१।९।१८ | नागरिक सहायता कक्ष | ईलाका प्रहरी कार्यालय, ढोढरी | ६४४७२३ |
| ९८-२०८१।११।२१ | मञ्च निर्माण | कालिका युवा समाज | १२०१९६ |
| ११२-२०८१।११।२८ | गेट निर्माण | सन्त निरङकारी भवन | ४८५०० |
| २१२-२०८२।३।३ | गोदामघर निर्माण | स्वरोजगार साना किसान सहकारी | ४८५००० |
| २८१-२०८२।३।२४ | माटो पटान | राप्रपा पार्टी कार्यालय | १०२६७९ |
| २९४-२०८२।३।२४ | गोलघर निर्माण | गुँरास क्याम्पस | १७७२६० |
| २९९-२०८२।३।२५ | गेट तथा बाउण्ड्री बाल | आँखा अस्पताल | ८९९२८ |
| १४-२०८२।३।२५ | तारबार र शौचालय | मदन आश्रित स्मृति प्रतिष्ठान | ७५३८११ |
| जम्मा | | | ३६८३८८७ |

| | |
|---|---|
| अनियमित भएको | ३६,८३,८८७ |

३२ **करार कर्मचारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ। त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३(८) मा पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमामात्र करारबाट सेवा लिन सकिने साथै लुम्बिनी प्रदेशले जारी गरेको स्थानीय निजामती सेवा ऐन,२०८१ को दफा १७ मा ज्यालादारी वा करारमा नियुक्ती गर्न नपाईने व्यवस्था छ। पालिकाले कम्प्युटर अपरेटर, सब ईन्जिनियर, असिस्टेन ईन्जिनियर, फरम्यादन, ना.प्रा.स., नगर खेलकुद प्रशिक्षक, मेलमिलाप संयोजक,कृषि अधिकृत, सामाजिक परिचालक ल्याव असिस्टेन, मेडिकल अधिकृत, अनमि, अहेव, सवारी चालक, कार्यालय सहयोगी लगायत विभिन्न पदमा १०६ जना कर्मचारी करारमा राखी निजहरुको तलब भत्ता बापत यस वर्ष रू.२ करोड ६३ लाख ७० हजार खर्च गरेको देखिन्छ। पालिकाले माथि उल्लेखित पद वाहेक मेलमिलाम संयोजक- ४, कृषि अधिकृत १ र नगर खेलकुद प्रशिक्षक १ समेत ६ जना राखि रू.२०८२००७ भुक्तानी गरेको छ। पालिकाले उक्त पद विगत वर्ष देखी कार्यरत रहेको जनाएको छ। यसरी स्वीकृत दरबन्दी वेगरको पदमा करारमा नियुक्ति गरी तलब भत्तामा गरेको खर्च नियमसम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | २०,८२,००७ |

३३ **पारिश्रमिक कर**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **११,७२७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३४ **जरिवाना भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(११) मा सरकारी कारोबार गर्दा गुणस्तर मितव्ययी र सरकारी हानी नोक्सानी नहुने गरी गर्नुपर्ने व्यवस्था छ। पालिकाले विद्युत महशुल भुक्तानीमा मितव्यीता नअपनाई रू.३२१०७ जरिवाना समेत रू.४००००० भुक्तानी दिएको नियमसम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | ३२,१०७ |

३५ **सचिवालय**

लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधासम्वन्धी ऐन,२०७६ मा पादाधिकारीहरुको लागि स्वकीय सचिव/ कानुनी सल्लाहकार र प्रेस सल्लाहकार राखी पारिश्रमिक दिने व्यवस्था देखिदैन। त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ति गर्न नहुने उल्लेख छ। पालिकाले कानुनमा व्यवस्था नभएको कानुनी सल्लाहकार नियुक्त गरी मासिक रू.३५००० दरले चाडपर्व समेत फागुन महिनासम्म रू.२८०००० पारिश्रमिक भुक्तानी गरेको कार्य नियमसम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | २,८०,००० |

३६ **सामाजिक सुरक्षा भत्ता वितरण**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ४(१८) बमोजिम स्थानीय तहले भत्ता बापतको निकासा प्राप्त भएको रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा ७ दिन अगावै वितरण कार्य सम्पन्न गरी बन्द गर्नुपर्ने, निकासा र खर्चको अभिलेख अद्यावधिक गरी बैंकसँगको हिसाब मिलान गरी बाँकी रहेको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने र भत्ता वितरणका लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा बाँकी रकम संघीय सञ्चितकोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले सामाजिक सुरक्षा भत्ता वापत देहायअनुसार रु२१८०८३५३२।– बैंक मार्फत वितरण गरेको देखिन्छ। बैंकहरुले मृत्यु भईसकेको लाभग्राहीहरुको

नामनामेसी नखुलाई रू.२५८७०२।- संघीय संचितकोष फिर्ता गरेको छ। पालिकाले वर्षान्तमा बैंकहरुबाट लाभग्राही र लाभग्राहीले प्राप्त गरेको रकम सहितको विवरण प्राप्त गरी भिडान गर्नुपर्दछ।

३७ **बिल भरपाई पेश नभएको**

आर्थिक कार्यविधि वित्तीय उत्तरदायित्व नियमावली २०६४ को नियम ३९(५) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। पालिकाले खर्चको भुक्तानी गर्दा गोश्वारा भौचरसाथ विलभरपाई संलग्न गरेर मात्र खर्च लेख्नुपर्नेमा बिल भरपाई संलग्न नगरी खर्च लेखेकोले सोको विल भरपाई पेश गर्नुपर्ने रु

| गो भौ नं | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| ७२।०८२।०३।०१ | विद्यालयहरुको विद्युत महसुल निकासा | ४४४९४५ | विद्युत महसुल तिरेको विल पेश नभएको |
| ३०।०८१।०९।०९ | विद्यालयहरुको विद्युत महसुल निकासा | २९०००७ | विद्युत महसुल तिरेको विल पेश नभएको |
| ३४८।०८२।०३।२३ | विद्यालय शैक्षिक सुधार अन्तर्गत पढाई सामग्री खरिद | १४०९७५ | विद्यालयलाई वितरण गरेको भरपाई पेश नभएको |
| जम्मा | | ८७५९२७ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,७५,९२७ |

३८ **धरौटी फिर्ता**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(२)को उपनियम १ मा अन्तिम भुक्तानी दिदा निर्माण कार्यको हकमा त्रुटी सच्याउने अवधि समाप्त भएपछि कार्यसम्पादन जमानत र नियम १२३(४) बमोजिम कट्टा गरिएको रिटेन्सन मनी रकमको ५० प्रतिशत रकम फिर्ता गर्नुपर्ने र बाँकी पचास प्रतिशत रकम सम्बन्धित आपूर्तिकर्ता निर्माण ब्यावसायी वा सेवा प्रदायकले सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरेपछि भुक्तानी दिनुपर्ने ब्यवस्था छ। साथै नियम १२४(२क) मा संयुक्त उपक्रमको हकमा धरौटी रकम फिर्ता गर्दा आन्तरिक राजश्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरेपछि भुक्तानी दिनुपर्ने ब्यवस्था रहेको छ। पालिकाले देहाय बमोजिमका निर्माण ब्यावसायीलाई धरौटी रकम फिर्ता गर्दा पेश गरेको मु.अ.कर समायोजन अनुसार फिर्ता गर्नुपर्ने धरौटी रकम भन्दा कम मु.अ.कर समायोजन पेश भएको पाइयो। त्यस्तै खड्का प्रेमी जे.भी.को धरौटी फिर्ता गर्दा मू.अ. कर समायोजन विवरण, कर चुक्ता प्रमाणपत्र, कार्य सम्पन्न प्रतिवेदन वा बैंक जमानत प्रमाण कागजात पेश नगरी धरौटी रकम फिर्ता गरेको देखियो। पालिकाले निर्माण कार्यको त्रुटी सच्याउने अवधि समाप्त भए पश्चात वा कार्य सम्पन्न पश्चात नियम तथा सम्झौतामा उल्लेख भए अनुसार कट्टा भएको धरौटी रकम फिर्ता भएको तथा मू.अ. कर समायोजन वा अन्य प्रमाण पेश गरेको सुनिश्चित गरी धरौटी रकम फिर्ता गर्नुपर्दछ। देहायको निर्माण ब्यावसायीको धरौटी फिर्ता गर्नुपर्ने भन्दा बढी रकम फिर्ता भएकोले बढी फिर्ता रकम बराबरको मु.अ.कर समायोजन, कर चुक्ता प्रमाणपत्र पेश गर्नुपर्ने रु.

| गोश्वरा भौचर नं/ मिति | ठेक्का नं. | निर्माण व्यवसायी | बीजक रकम मु.अ.कर बाहेक | धरौटी फिर्ता | फिर्ता हुनुपर्ने | प्रमाण पे गर्नुपर्ने |
|---|---|---|---|---|---|---|
| ३९/२०८१/०७/२८ | सोलार बत्ती जडान | Nagarik energy development Co.pvt. | ८४५५५२.६५ | ५९८९५ | ४२२७७ | १७६१८ |
| ५३/२०८१/११/२२ | MG/W/NCB/MNPO-04/078/79 | Khadka premi J.V. | - | ६५०१५४ | कर विवरण पेश नगरेको | ६५०१५ |
| **जम्मा** | | | **१५२२२८८५.६५** | **१७६५८२४** | **७६११४४** | ६६७७७ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१** को निर्णयले रू **३३६,९०८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ६,६७,७७२ |
|---|---|

३९ **बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्चको विलभरपाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था छ। पालिका अन्तर्गत किशान सुचिकरण कार्यवापत अनुपा केसिलाई गो. भौ. नं. २४२ बाट सफल नभएपछी पुन भुक्तानी भनि गो भौ नं.३१८ बाट रु.१२७९५।– भुक्तानी गरेकोमा पुन: भौचर नं. ३२५ बाट रु.१२७९५।– भुक्तानी गरेकोले बढी भुक्तानी भएको छ। बढी भुक्तानी भएको सम्बन्धितबाट असुल हुनुपर्ने रु.

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **११,३१०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | १२,७९५ |
|---|---|

४० **स्वास्थ्य तर्फ**

४०.१ **निशुल्क उपचार सहायता कार्यक्रम** - जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ। नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ। सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरेको छ। नेपाल सरकारले यस्ता कार्यको लागी बजेट व्यवस्था गरेको देखिन्छ। सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकाबाट मृगौला पिडित/डायलाईसिस, क्यान्सर, मेरुदण्ड पक्षघात लगायतका ७८ जना विरामीको लागि रु. ४२६५०००।- खर्च भएको देखिन्छ। यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी सहायता प्राप्त गर्ने व्यक्तिको नाम, ठेगाना र उपचारको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नुपर्ने तथा यस्तो सहायता रकम दोहोरो नपर्ने गरी वितरणको व्यवस्था गर्नुपर्ने देखिन्छ।

४०.२ **न्यानो झोला वितरण** - आर्थिक वर्ष ०८१।८२ मा स्थानीय तहहरुवाट गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका कृयाकलापहरु संचालन सम्बन्धी मार्गदर्शनको मातृ तथा नवशिशु कार्यक्रमको कार्यक्रम नं २ अन्तर्गत न्यानो झोला कार्यक्रमको लागि न्यानो झोलाको मापदण्ड निर्धारण गरेको छ। सोही वमोजिम तोकिएको गुणस्तरमा न्यानो झोला उपलब्ध गराउनु पर्दछ। पालिकाको ३ वटा वर्थिङ्ग

सेन्टरमा २१९ जना सुत्केरी भएकोमा अघिल्लो आर्थिक वर्षमा ६५३ न्यानो झोला बाँकी रहेको र यस आर्थिक वर्षमा पालिकाले न्यानो झोला खरिद नगरी अघिल्लो आर्थिक वर्षको बाँकी न्यानो झोलाबाट २१९ वटा वितरण गरी ४३४ बाँकी रहेको देखिन्छ। पालिकाले अभिलेख राखी आवश्यक मात्रामा मात्र खरिद गरी कार्यविधिले तोके वमोजिमको गुणस्तरीय न्यानो झोला उपलब्ध गराउनुपर्दछ।

| वर्थिङ्ग सेन्टरको नाम | २०८०।८१ को बाँकी मौज्दात | वितरण | यस वर्ष बाँकी मौज्दात |
|---|---|---|---|
| सुर्यपटुवार स्वास्थ्य चौकी | २४१ | ५३ | १८८ |
| आधारभुत नगर अस्पताल सानोश्री | १६५ | ९६ | ६९ |
| ढोढरी स्वास्थ्य चौकी | २४७ | ७० | १७७ |
| जम्मा | ६५३ | २१९ | ४३४ |

४०.३ **औषधी खरीद** - औषधिजन्य मालसामान खरिद तथा आपूर्ति व्यवस्थापन सहजीकरण पुस्तिका,२०७४ बमोजिम स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (Health Management Information System (HMIS) बाट सङ्कलन भएको रुग्णता (Morbidity), सेवाको उपलब्धता, उपचार तालिका, आपूर्ति व्यवस्थापन सूचना प्रणाली (LMIS) बाट सङ्कलन भएको खर्च विवरण, एवं स्वीकृत कार्यक्रम बमोजिम औषधिको आवश्यकता साथै तोकिएको प्राविधिक स्पेसिफिकेशनसँग विश्लेषण गरी सार्वजनिक खरिद नियमावलीको नियम ३, ५क र ९ बमोजिमको प्रक्रिया पुर्याई औषधी खरिदको आवश्यकता र लागत अनुमान तयार गरी आपूर्तिकर्ताहरुबीच प्रतिस्पर्धा गराई विश्व स्वास्थ्य सँगठनबाट पूर्वयोग्यता प्राप्त औषधि उत्पादक कम्पनीसँग डब्लु.एच्.ओ. र जि.एम.पि. मान्यता प्राप्त भएको प्रमाण लिई मात्र खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले शसर्त अनुदान र नगरपालिकाको चालुतर्फ देहाय बमोजिम औंषधी ब्यावसायीसँग जम्मा रु.४०,००,०४६ को औषधि खरिद गरेको छ। वार्षिक आवश्यकता पहिचान गरी खरिद योजना बनाई एकमुष्ठ रुपमा कानुन बमोजिम प्रतिस्पर्धा हुने गरी खरिद गर्नुपर्दछ।

| क्र.स. | गो.भौ.नं | औंषधी ब्यावसायी नाम | खरिद विधि | रकम |
|---|---|---|---|---|
| १ | २४।२०८१।०८।१७ | आर आर मेडिटेक प्रा.लि | सोझै खरिद | ४८८८८४ |
| २ | ७४।२०८१।०८।१८ | सिर्जना मेडिसिन सप्लायर्स | ई-विड | १२३६९१३.५ |
| ३ | २०८।२०८२।०२।१९ | शुभ मेडिटेक प्रा.लि | सोझैखरिद | ४०९५०० |
| ४ | २०८।२०८२।०३।१३ | सिर्जना मेडिसिन सप्लायर्स | ई-विड | ६९६२३८ |
| ५ | ३९३।२०८२।०३।१७ | योमन मेडिसेल्स प्रा.लि | सोझै खरिद | ४४४००० |
| ६ | १९।२०८१।०८।२० | लिसा आयुर्वेद मेडिसिन डिष्ट्रिब्युटर्स | सोझैखरिद | ४९७९२८ |
| ७ | ७६।२०८१।१२।११ | माण्डबी आयुर्वेद फर्मा | सोझैखरिद | १९३२९१ |
| ८ | ४१।२०८१।११।२१ | कृष्ण आयुर्वेदिक क्योर सेन्टर | सोझै खरिद | १८८६४ |
| ९ | ९५।२०८२।३।२ | कृष्ण आयुर्वेदिक क्योर सेन्टर | सोझै खरिद | १४४२७ |
| जम्मा | | | | ४०००४६ |

४०.४ **औषधिको गुणस्तर** - सार्वजनिक खरिद नियमावलीको नियम १११(१)(ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्दछ। कार्यालयले यस वर्ष रु. ४०,००,०४६ बराबरको औषधि खरिद गरेको पाईयो। वार्षिक रुपमा खरिद गर्ने औषधि तथा औषधिजन्य सामग्रीको गुणस्तर सुनिश्चितता गर्न आधिकारिक प्रयोगशाला परीक्षण गर्ने/गराउने तथा सो बमोजिम उक्त औषधि तथा सामग्रीहरुको निरीक्षण गराएको पाइएन। अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार गुणस्तर पक्षको सुनिश्चितता गर्न गुणस्तर परीक्षण गर्नुपर्दछ।

## ४१ शिक्षा तर्फ

४१.१ **शिक्षक दरवन्दी र पदपूर्ति** - शिक्षा नियमावली, २०५९ को नियम ९२ मा मन्त्रालयबाट स्वीकृत दरबन्दीको आधारमा सामुदायिक विद्यालयमा रहने शिक्षक दरबन्दी अनुसूची १२ बमोजिम रहने व्यवस्था छ। साथै नियम ७७ मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा रहने विद्यार्थी संख्या सामान्यतया उपत्यका तथा तराई क्षेत्रमा पचास, पहाड क्षेत्रमा पैतालीस र हिमाली क्षेत्रमा चालीस हुनुपर्ने व्यवस्था रहेको छ। स्थानीय तह अन्तर्गत विभिन्न तहका २७ सामुदायिक विद्यालयको शिक्षक दरवन्दी र पदपुर्तिको अवस्था निम्नानुसार रहेको छ।

| क्र.सं. | विद्यालयको तह | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये राहात/करार | | रिक्त दरबन्दी |
|---|---|---|---|---|---|---|
| | | | | राहत | करार | |
| १ | प्राथामिक तह(१-५) | १४८ | १४८ | ४१ | २ | ० |
| २ | निम्नमाध्यमित तह(६-८) | ३९ | ३९ | १७ | ० | ० |
| ३ | माध्यामिक तह(९-१०) | २७ | २७ | ७ | ० | ० |
| ४ | माध्यामिक तह(११-१२) | ८ | ८ | ८ | ० | ० |
| जम्मा | | २२२ | २२२ | ७३ | २ | ० |

पालिकामा २७ सामुदायिक विद्यालय रहेकोमा शिक्षक दरबन्दी राहत र करार समेत २२२ रहेकोमा ७५ जना राहत र करार समेत २२२ नै पदपुर्ति भएको देखियो भने शिक्षक विद्यार्थी अनुपात १:४४ रहेको छ। पालिकाले शिक्षक पदपूर्ति तथा शिक्षक विद्यार्थी अनुपात मिलानतर्फ ध्यान दिनुपर्दछ।

४१.२ **शिक्षक विद्यार्थी अनुपात** - शिक्षा नियमावली, २०५९ (संशोधनसहित) को नियम ७७ को उपनियम (१) बमोजिम विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा १:४०, पहाडी भेगमा १:४५ र तराई भेगमा १:५० रहने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ मा समग्र पालिका अन्तर्गत २७ सामुदायिक विद्यालयमा २२२ जना शिक्षक र १००५० विद्यार्थी रहेकोमा समग्रमा औषत शिक्षक विद्यार्थी अनुपात १:४४ रहेको छ। यसरी हेर्दा पालिका भित्रका सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात ५० भन्दा माथि हुने विद्यालय ७ रहेको छ भने शिक्षक विद्यार्थी अनुपात २५ भन्दा कम हुने ४ विद्यालयहरु रहेका छन्। शिक्षक विद्यार्थी अनुपात निम्नानुसार छन् :-

| क.सं. | विद्यालयकोनाम | ठेगाना वार्ड नं | शिक्षकसंख्या | विद्यार्थीसंख्या | शिक्षकविद्यार्थी अनुपात |
|---|---|---|---|---|---|
| १ | श्री वि.पी. प्रा.वि.कैलाली | १ | ४ | १०९ | २७.२५ |
| २ | श्री जनजागृती प्रा.वि. सोमलपुर | १ | ४ | १०५ | २६.२५ |
| ३ | श्री त्रिभुवन मा.वि. सुर्यपटुवा | १ | १५ | ९१५ | ६१.०० |
| ४ | श्री सरस्वती आ.वि. पत्थरबोझी | १ | ५ | १५९ | ३१.८० |
| ५ | श्री सुर्य आ.वि. रजवारा | २ | ५ | २५९ | ५१.८० |
| ६ | श्री मञ्जुश्री मा.वि. बंगालीपुर | २ | ९ | ३६७ | ४०.७८ |
| ७ | श्री शहिद आ.वि. गंगापटुवा | २ | ६ | २९७ | ४९.५० |
| ८ | श्री जनाधार प्रा.वि. खाता | ३ | ३ | १२६ | ४२.०० |
| ९ | श्री जनचेतना प्रा.वि. भगतपुर | ३ | ३ | ८७ | २९.०० |
| १० | श्री ने.रा.मा.वि. धनौरा | ३ | १२ | ८३३ | ६९.४२ |
| ११ | श्री कान्तादेवी प्रा.वि. बसन्ता | ४ | ३ | १०८ | ३६.०० |
| १२ | श्री ने.रा.प्रा.वि.महुवा | ४ | ४ | ८७ | २१.७५ |
| १३ | श्री शौभाग्यदेवी प्रा.वि. बादरभरिया | ४ | ४ | ९६ | २४.०० |
| १४ | श्री ने.रा.नमुना मा.वि.ढोढरी | ४ | २१ | १३१० | ६२.३८ |
| १५ | श्री आनन्द आ.वि.रातामाटे | ५ | १२ | २९४ | २४.५० |
| १६ | श्री बुद्ध प्रा.वि. कृष्णपुर | ५ | ३ | २०३ | ६७.६७ |
| १७ | श्री भृकुटी मा.वि.चित्तले | ५ | १५ | ७०८ | ४७.२० |
| १८ | श्री गुराँस मा.वि.बुद्धनगर | ६ | २१ | १२५१ | ५९.५७ |
| १९ | श्री नेरा आ.वि. दशरथवस्ती | ७ | ८ | २०० | २५.०० |
| २० | श्री तारकेश्वर आ.वि. ताराताल | ७ | ३ | १०६ | ३५.३३ |
| २१ | श्री शुक्र मा.वि.ताराताल | ७ | १८ | ६५० | ३६.११ |
| २२ | श्री गंगा प्रा.वि.गंगावस्ती | ७ | ५ | १४६ | २९.२० |
| २३ | श्री शिवदुर्गा मा.वि. दुर्गापुर | ८ | १३ | ३८३ | २९.४६ |
| २४ | श्री नेरा प्रा.वि. बाँसपानी | ८ | ५ | १०५ | २१.०० |
| २५ | श्री नेरा मा.वि. पुर्णपुर | ९ | १२ | ६८० | ५६.६७ |
| २६ | श्री धर्मज्योति मा.वि. धर्मवस्ती | ९ | १० | ३४८ | ३४.८० |
| २७ | श्री जनता प्रा.वि. बेलटाँडी | ९ | ३ | ११८ | ३९.३३ |
| जम्मा | | | २२६ | १००५० | ४४.४७ |

सार्वजनिक विद्यालय समायोजन एवं यकिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७७ र शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार संघीय कानूनले तोकेबमोजिम विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलानको कार्य सुरु गरेता पनि पूर्ण रुपमा कार्यान्वयन गरेको देखिएन।

४१.३ **दिवा खाजा** - कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१/८२ को क्रियाकलाप नं २.७.११.१ मा सामुदायिक विद्यालयका तोकिएका विद्यार्थीको लागि दिवा खाजा अन्तर्गत बालबिकास देखि कक्षा ५ सम्मको विद्यार्थीलाई प्रति विद्यार्थी प्रति दिन रु १५ का दरले खाजा खुवाएको दिनको आधारमा १८० दिनका लागि अनुदानको व्यवस्था गरेको छ। पालिका अन्तर्गत संचालित २७ वटा विद्यालयलाई नगरपालिकाले रु.९६२६०००।- निकासा दिएको छ। पालिकाले IEMIS मा प्रविष्टि भएको तथ्याङ्कलाई विद्यालयका प्रधान अध्यापक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट सत्यापन नगराइ निकासा गरेको छ। पालिकाले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए बमोजिम IEMIS को डाटालाई विद्यार्थी हाजिरी पुस्तिका, परीक्षामा सहभागी संख्या र अनुगमनबाट विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरेर मात्र अनुदान निकासा दिनुपर्दछ।

४१.४ **पाठ्यपुस्तक** - कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं २.४.६.१ मा सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि नि-शुल्क पाठ्यपुस्तक अनुदान दिने सम्बन्धी व्यवस्था रहेको छ। IEMIS मा प्रविष्टि तथ्यांकलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीको यथार्थ तथ्यांकसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा पाठ्यक्रम विकास केन्द्रले प्रकाशन गरेको पाठ्यपुस्तकको मूल्यसूचि अनुसारको मूल्यको आधारमा पाठ्यपुस्तकको अनुदान विद्यालयको खातामा पठाउनु पर्ने व्यवस्था रहेकोमा यस वर्ष कुनैपनि विद्यालयको सत्यापन कार्य गरेको पाईएन। पालिकाले IEMIS मा प्रविष्ट तथ्यांकको आधारमा २७ वटा विद्यालयहरुलाई पहिलो पटक ७५ प्रतिसत र बाँकी नपुग २५ प्रतिसत समेत गरी जम्मा रु.५२३५०००।- निकासा गरेको छ। यसरी सत्यापन नभएको अवस्थामा विद्यार्थी संख्या IEMIS मा प्रविष्ट तथ्यांक बराबर छन् भन्ने विषयमा आश्वस्त हुन सक्ने अवस्था छैन। पालिकाले निकासा दिएको रकमबाट सबै विद्यार्थीहरुले समयमा नै पाठ्यपुस्तक पाए/नपाएको तथा पालिकाबाट निकाशा भएको रकमको उद्देश्य अनुसार खर्च भए/नभएको यकिन गरी पालिकाले अनुगमन प्रतिवेदन पेश गर्नु पर्दछ।

४१.५ **विद्यालयको लेखापरीक्षण** - शिक्षा तथा मानब स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं २.७.१३.१० को बुँदा ५.१ मा विद्यालयले आफ्नो आर्थिक लेखापरीक्षण स्थानीय तहको अन्तिम लेखापरीक्षण हुनु अगावै गराउने र सोको प्रतिवेदन स्थानीय तहमा पठाउने व्यवस्था रहेको छ। पालिका अन्तर्गत रहेका २७ सामुदायिक विद्यालयहरुमा आर्थिक लेखापरीक्षण गर्न आधारभूत तह सञ्चालित विद्यालयलाई रु१०००० र माध्यमिक तह सञ्चालित विद्यालयलाई रु.१५००० को दरले संघीय सशर्त तर्फ रु.३२०००० भुक्तानी भएको छ। आ.व. २०८१।८२ को अन्तिम लेखापरीक्षण अवधिसम्म १६ विद्यालयहरूको लेखापरीक्षण गराइ पालिकामा प्रतिवेदन पेश भएको छ भने बाँकी ११ वटा विद्यालयको लेखापरीक्षण प्रतिवेदन पेश भएको छैन। पालिकाबाट अनुदान जाने सम्पूर्ण विद्यालयहरुको समयमै लेखापरीक्षण गराई लेखापरीक्षण प्रतिवेदन पालिकामा पेश गरेको प्रमाण पेश गर्नुपर्दछ।

४१.६ **निजी विद्यालय व्यवस्थापन** - यस पालिकामा १० वटा निजी विद्यालय रहेका छन्। पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन भने निजी विद्यालय शुल्क निर्धारण तोकिए बमोजिम गरेको छ छैन सोको अनुगमन गरी अनुगमन प्रतिवेदन तयार गरी अभिलेखाङ्कन गरेको पाईएन। सो सम्बन्धमा पालिकाले ध्यान दिनुपर्दछ।

४१.७ **विद्यालयको अनुगमन नियमन व्यवस्था** - स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन सम्बन्धि मापदण्ड तय गरेको छैन। जसबाट विद्यालय अनुगमन कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकाले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ।

४१.८ **सार्वजनिकीकरण** - अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पाँचसय जनासम्म, पाँचसय देखि आठसय जनासम्म र आठसय भन्दाबढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न

स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ। साथै शिक्षा नियमावली, २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग, महिला, दलित र जनजाती विद्यार्थीलाई कुल विद्यार्थी संख्याको कम्तिमा १० प्रतिशत नघटाई छात्रवृत्ति उपलब्ध गर्नुपर्ने उल्लेख छ। पालिकाले आफ्नो क्षेत्रका १० निजी/संस्थागत विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति तथा निशुल्क शिक्षा कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागि छात्रवृत्ति पाउने तथा निशुल्क शिक्षा पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिका र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्नेमा सार्बजनिक गरेको देखिएन।

४१.९ **सार्वजनिक विद्यालय शैक्षिक गुणस्तर** - पालिका अन्तर्गत संचालित माध्यमिक तहसम्मको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्य पालिकाको कार्यक्षेत्र अन्तर्गत पर्दछ। सोही अनुसार पालिकाले विद्यालय शैक्षिक गुणस्तर मापनको मापदण्ड तयार गरी कार्यान्वियन गर्नुपर्नेमा सो गरेको छैन। अतः शैक्षिक गुणस्तरको मापन मापदण्ड तयार गरी कार्यान्वियन गर्ने र सोही अनुसार विद्यालयको अनुगमन मुल्याङ्कन गरी प्रतिवेदन पेश गर्नुपर्दछ।

४१.१०(३४९-2082-03-24):

**सेनेटरी प्याड खरिद** - (३४९।०८२।०३।२४)- सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। सेनिटरी प्याड प्रयोग गर्ने छात्राको संख्या २५६५ जना रहेका छन। यस वर्ष पालिकाले सरोबर ट्रेड कन्सर्नबाट प्रति प्याकेट रु.३३.९९ का दरले १६०० प्याकेट सेनेटरी प्याड खरिद गरी रु.६१४५३९।- भुक्तानी दिएको छ। पालिकाले विद्यालयलाई बोराको हिसाबले वितरण भरपाई गराएकोमा एक बोरामा कति प्याकेट अटाउने भन्ने विवरण प्राप्त भएन। पालिकाले विद्यालयलाई वितरण भरपाई गराउँदा प्याकेटको हिसाबले वितरण गर्नु पर्दछ। गत वर्षको खपतलाई आधारमानी आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्ने, खरिद गरेको प्याडको गुणस्तर परीक्षण गर्ने र कार्यविधिले तोकेको व्यवस्था अनुसार गुणस्तरिय प्याड वितरण गर्ने व्यवस्था कार्यान्वियन गर्नुपर्दछ।

४२ **पाठ्यपुस्तक खरिद**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४ को उपदफा ३ मा खरिद गरिने मालसामानको स्पेसिफिकेशन तयार गर्दा अर्को कुनै उपाय नभएको अवस्थामा बाहेक कुनै खास ब्राण्ड, ट्रेडमार्क वा उत्पादकको नाम उल्लेख गर्न सकिने छैन । पालिकाले २७ वटै विद्यालयमा कक्षा १ देखि ५ सम्म अंग्रेजी विषयमा पठन पाठनको लागि आर्थिक वर्ष २०८०।८१ को भुक्तानी बाँकी भनेर विद्यालयलाई रु.२०८०९०४।– र आर्थिक वर्ष २०८१।८२ का लागि रु.८७०९५०।– समेत गरी जम्मा रु.२९५१८५४।– निकासा दिएको छ। शिक्षा शाखा प्रमुखको अध्यक्षतामा मिति २०८१।०९।१८ गते विभिन्न विद्यालयका शिक्षकहरुले कक्षा अनुसारको पुस्तक देहायको पब्लिकेसनको नाम तोकेर पुस्तक खरिद गर्ने निर्णय गरेको नियम सम्मत नदेखिएको रु.

| क्र.सं. | कक्षा | पुस्तक |
|---|---|---|
| १ | नर्सरी | अल्फा पब्लिकेशन |
| २ | के.जी. | एटुजेड पब्लिकेशन |
| ३ | कक्षा १ देखि ५ का विज्ञान र ग्रामर | सोसिस पब्लिकेशन |
| ४ | गणित विषय | बेदान्त पब्लिकेशन |

| | |
|---|---|
| अनियमित भएको | २९,५१,८५४ |

४३ **नमुना विद्यालयको योजना कार्यान्वयन अनुदान**

आर्थिक वर्ष २०८१।८२ मा स्वीकृत गुरुयोजना अनुरुप खर्च गर्ने गरी श्री नेपाल राष्ट्रिय नमुना माध्यामिक विद्यालयलाई नमुना विद्यालयको रुपमा विकास गर्न कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं २.७.१३.१३ को क्रियाकलाप नं ९.५ मा दोहोरो नपर्नेगरी छात्रवृत्ति, विज्ञान विषय पठनपाठनको लागि शिक्षक व्यवस्थापन, प्रयोगशाला सञ्चालन लगायतका क्रियाकलाप

सञ्चालनका लागि १००१ देखि २५०० विद्यार्थी संख्या भएको विद्यालयलाई रु ४५ लाख अनुदान उपलब्ध गराई सोको अनुगमन समेत स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाईबाट हुनुपर्ने व्यवस्था रहेको छ। संघीय सशर्त तर्फको अनुदान रकम आर्थिक बर्ष २०८१।८२ मा नमुना विद्यालयबाट पेश भएको कार्य योजना अनुसार कार्य सम्पादन गर्न पालिकाले श्री नेपाल राष्ट्रिय नमुना माध्यामिक विद्यालयलाई शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयन अनुदान बापत रु.४४५५५०३।- लाख अनुदान निकासा गरेकोमा सोको कार्यान्वयन अवस्था सम्वन्धमा पालिकाले अनुगमन गरेको देखिएन। विद्यालयबाट पेश भएको कार्य योजना अनुसार पालिकाले उपलव्ध गराएको अनुदानको उपयोगको अवस्था सम्वन्धमा प्रभावकारी अनुगमन गरी प्रतिवेदन संलग्न हुनुपर्दछ। विद्यालयले विज्ञान विषय पठन पाठनको लागि विज्ञान शिक्षक राख्नुपर्नेमा विद्यालय सहयोगी, विद्यालय कर्मचारी लगायतमा खर्च गरेको देखिन्छ। यसरी कार्यविधिले तोकेको भन्दा फरक क्रियाकलापमा खर्च गरेको रु.१५५७६०० नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १५,५७,६०० |

४४ **बढी ग्रेड भुक्तानी**

निजामती सेवा नियमावली, २०५० को दफा ९१ मा तलबी प्रतिवेदनका आधारमा तलब भत्ता तथा ग्रेड भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले सि.अ.हे.व केशव प्रसाद महतो र सिता सापकोटालाई जेष्ठ महिनाबाट छैटौंबाट सातौंमा बढुवा भई खाइपाइ आएको तलबभन्दा एक ग्रेड बढी अर्थात सात ग्रेड भुक्तानी हुनुपर्नेमा नौं ग्रेड भुक्तानी भएकोले दुई महिनाको बढी ग्रेड भुक्तानी भएको असुल गर्नुपर्ने रु

| क्र.सं. | कर्मचारीको नाम | भुक्तानी हुनुपर्ने ग्रेड | बढी भुक्तानी भएको | एक महिनाको बढी ग्रेड भुक्तानी | असुल गर्नुपर्ने रकम |
|---|---|---|---|---|---|
| १ | केशव प्रसाद महतो | १०६७६ | १३७५२ | ३३८३.६ | ६७२३.२ |
| २ | सिता सापकोटा | १०६७६ | १३७५२ | ३३८३.६ | ६७२३.२ |
| | जम्मा | | | | १३४४६ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,४४६ |

४५ **पारिश्रमिक कर**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **१५,०९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **९,०९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **८,१३२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **१५,०९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४६ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार ब्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवमं सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिका, २०७५ कार्यान्वयनमा रहेको छ। यस

कार्यक्रम अन्तर्गत पालिकाका ९ वडामा १० योजना सञ्चालन गरी यस वर्ष १२२ जनालाई औषत ६३.५४ दिनले रोजगारी उपलब्ध गराई रु. ५१७८३०० श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। कार्यक्रममा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्छ। उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम ब्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

४७ **राजश्व तथा आन्तरिक आय**

४७.१ **आय ठेक्कामा लागत अनुमान:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९, १०, ११ तथा १२ मा सार्वजनिक निकायले निर्माण कार्य, मालसामान वा सेवाको लागत अनुमात तयार गर्दा सम्बन्धित सार्वजनिक निकाय वा त्यस्तो सार्वजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालु वा अघिल्ला बर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत तथा प्रचलित दररेटसमेतका आधारमा गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायका हाटबजारको लागि अघिल्लो बर्षमा ठेक्का लागेको वास्तविक कबोल रकमभन्दा निकै कम हुने गरी यस बर्षको लागि न्युनतम कबोल रकम निर्धारण गरेको देखिन्छ। जसबाट अघिल्लो आर्थिक बर्षभन्दा ४७ प्रतिशत कम आय प्राप्त भएको देखिन्छ। लागत अनुमान (न्युनतम कबोल) रकम निर्धारण गर्दा अघिल्लो बर्षको वास्तविक सम्झौता रकमलाई आधार नलिई सभाले तोकेको दररेटलाई आधार मानी लागत अनुमान तयार गरेको र यसरी अघिल्लो वर्षको भन्दा धेरै कम रकम राजश्व प्राप्त भएको देखिन्छ। लागत अनुमान तयार पार्दा विगत वर्षको वास्तविक आयलाई पनि आधार मान्नुपर्दछ।

| **क्र.सं.** | **हाटबजार** | **अघिल्लो बर्षको कबोल रकम** | **यस बर्ष तोकिएको न्युनतम रकम** | **फरक परेको रकम** |
|---|---|---|---|---|
| १ | कुसुम्बा हाटबजार | ८१९९९९ | ४००००० | ४१९९९९ |
| २ | रामनगर पशु हाटबजार | ५१०००० | ३००००० | २१०००० |
| ३ | माचडचौक कृषि हाटबजार | ५६९०० | २५००० | ३१९०० |
| ४ | ओराली कृषि हाटबजार | ५३६०० | २५००० | २८६०० |
| ५ | प्रगती कृषि हाटबजार | ३२०९० | २५००० | ७०९० |
| ६ | कुस्मिनिया कृषि हाटबजार | १५५०५ | १५००० | ५०५ |
| | **जम्मा** | **१४८८०९४** | **७९००००** | **६९८०९४** |

४७.२ **नदीजन्य पदार्थ:** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ५ मा नेपालभित्र आपूर्ति हुने अनुसूची १ मा समावेश नभएका सबै वस्तु वा सेवामा मूल्य अभिवृद्धि कर लाग्ने र प्रत्येक कारोबारको कर लाग्ने मुल्यमा मूल्य अभिवृद्धि कर लाग्ने व्यवस्था छ। पालिकाले यस बर्ष अमानत विधिबाट प्रतिघनमिटर रु.२८३ का दरले ६९६२ घनमिटर नदीजन्य पदार्थ बिक्री बापत रु.१९७०२६० आय प्राप्त गरेको देखिन्छ। लुम्बिनी प्रदेश सरकारले नदीजन्य पदार्थको बिक्री शुल्क प्रति घनफिट रु.८ तोकेकोमा सो बिक्री शुल्कमा १३ प्रतिशत मुल्य अभिवृद्धि कर रकम थप गरी असुल गरेको देखिएन, जसबाट रु.२५६१३४ भ्याट रकम गुम भएको देखिन्छ। यसरी बिक्री गरेको व्यक्ति तथा फर्मको विवरण पेश नभएकोले कसबाट असुल गर्ने एकिन गर्न सकिएन। मूल्य अभिवृद्धि कर ऐनको व्यवस्था बमोजिम कर रकम असुल गर्नुपर्दछ।

४७.३ **आय ठेक्कामा जरिवाना:** आय ठेक्का नं. MNPO/GOODS/2/2076/77, नदीजन्य पदार्थको उत्खनन तथा बिक्री वितरणको लागि जय माँ नैनादेवीसँग कबोल रकम रु.२१५००००० मा सम्झौता भएकोमा कबोल गरेको सम्पूर्ण रकम २०७६ चैत्र महिनाभित्र दाखिला गरिसक्नुपर्नेमा रु.४०२६५४८ दाखिला गर्न बाँकी रहेको, महालेखापरीक्षकको आर्थिक बर्ष २०७६।७७ को प्रतिवेदनमा बाँकी रकम र सोमा लाग्ने जरिवाना रकमसमेत असुल गर्नुपर्ने व्यहोरा उल्लेख रहेकोमा २०८१।१२।२५ मा ४१००००० र सो को जरिवाना बापतको रकम रु.१५५०००० दाखिला गरेको देखिन्छ। २०७६ बैशाख १ गतेदेखि रकम दाखिला गरेको मिति २०८१।१२।२५ सम्मको १०

प्रतिशतका दरले जरिवाना रकम रु.२००७७५९ असुल गर्नुपर्ने देखिन्छ। यसरी जरिवाना रकम कम दाखिला गरेको देखिएकोले कम रकम असुल गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,८४,३०७ |

४७.४ **हाटबजार आय ठेक्का:** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ५ मा नेपालभित्र आपूर्ति हुने अनुसूची १ मा समावेश नभएका सबै वस्तु वा सेवामा मूल्य अभिवृद्धि कर लाग्ने र प्रत्येक कारोबारको कर लाग्ने मुल्यमा मूल्य अभिवृद्धि कर लाग्ने व्यवस्था छ। पालिकाले यस बर्ष देहायका हाटबजारको लागि आय ठेक्का व्यवस्थापन गरी आय प्राप्त गरेकोमा कबोल गरेको रकममा १३ प्रतिशत मुल्य अभिवृद्धि कर थप गरी असुल गरेको देखिएन। कबोल गरेको रकममा १३ प्रतिशत मूल्य अभिवृद्धि कर असुल गरी दाखिला गर्नुपर्ने देखिएको रु.

| क्र.सं. | हाटबजार | ठेकेदार | कबोल रकम | भ्याट रकम रु. |
|---|---|---|---|---|
| १ | कुसुम्बा हाटबजार | रेशम बहादुर शाही | ४१५००० | ५३९५० |
| २ | रामबजार पशु हाटबजार | लाल बहादुर क्षेत्री | ३०११५० | ३९१५० |
| ३ | माचङचौक कृषि हाटबजार | लाल बहादुर भाट क्षेत्री | २५८५० | ३३६१ |
| ४ | ओराली कृषि हाटबजार | लाल बहादुर भाट क्षेत्री | २५६०० | ३३२८ |
| ५ | प्रगती कृषि हाटबजार | लाल बहादुर भाट क्षेत्री | २५५०० | ३३१५ |
| ६ | कुस्मिनिया कृषि हाटबजार | अस्मिता के.सि. | १५५०० | २०१५ |
| ७ | दशरथवस्ती कृषि हाटबजार | लाल बहादुर भाट क्षेत्री | १५१५० | १९७० |
| ८ | आयमूलक भवन भाडा | हरि बहादुर ज्ञवाली | ८१४०६५ | १०५८२८ |
| | **जम्मा** | | **१६३७८१५** | **२११६५६** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,१२,९१७ |

४७.५ **आयमूलक भवन भाडा:**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **१९,३८३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४८ **बीमा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक बीस लाख रुपैंयाभन्दा बढि मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री, मेशिन, औजार लगायतका कुराहरुको बीमा गराउनुपर्ने व्यवस्था छ। पालिकाले ठेक्का नं. MG/W/NCB/MNPO-5/2081/082, सरस्वती आधारभुत भवन निर्माणको लागि जय ठाकुरबाबा निर्माण सेवासँग कबोल रकम रु. ४४६५८०५ मा सम्झौता गरेकोमा २०८२।३।१२ मा निर्माण कार्य समाप्त भई भुक्तानी भएकोमा लागत अनुमान तथा बिओक्युमा बीमा बापतको खर्च व्यहोर्ने रकम समावेश गरेको भएतापनि निर्माण व्यवसायीबाट बीमा गरेको प्रमाण पेश गर्न लगाएको देखिएन। खरिद नियमावलीमा भएको व्यवस्था बमोजिम बीमा गर्ने व्यवस्था गर्नुपर्दछ।

४९ **वडाध्यक्षबाट खरिद कार्य**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७(१) मा सार्वजनिक खरिद ऐन बमोजिमको कार्यविधि पुरा गरी खरिद सम्बन्धी कार्य गर्ने गराउने जिम्मेवारी सम्बन्धित सार्वजनिक निकायको प्रमुखको हुने, त्यस्तै दफा दफा ७(२) मा सार्वजनिक निकायले उपदफा १ बमोजिम खरिद सम्बन्धी कार्य गर्दा सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारिण गरेको योग्यता भएको र खरिद कार्य सम्बन्धी ज्ञान

भएको वा तालिम प्राप्त कर्मचारीबाट गराउनुपर्ने व्यवस्था छ। त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८२(२) ट मा प्रमुख प्रशासकिय अधिकृतको काम, कर्तव्य र अधिकारमा सार्वजनिक खरिद योजना तयार गरी खरिद सम्बन्धी कार्य गर्ने, गराउने उल्लेख छ। पालिकाका देहायका वडाध्यक्षले ५० प्रतिशत लागत सहभागितामा वायोस्ट्याण्ड खरिद गरी वितरण गरेकोमा खरिद गर्दा लागत अनुमान तयार नगरी तथा स्पेशिफिकेसन तयार नगरी तिन वटा फर्मबाट दररेट माग गरी मूल्याङ्कन गरी सोझै खरिद विधिबाट खरिद गरेको, खरिद गरिएका सामाग्री स्टोर दाखिला गरेको देखिँदैन। यसरी जनप्रतिनिधिको निर्णयबाट प्रमुख प्रशासकिय अधिकृतको अख्तियारी बिना गरिएको खरिद कार्य नियमसम्मत नदेखिएको रु

| क्र.सं. | कामको विवरण | वडा नं. | संख्या | भौ.नं./मिति | रकम रु. |
|---|---|---|---|---|---|
| १ | वायोस्टयाण्ड फिल्टर | ४ | १२० थान | ५१।२०८१।९।१२ | ५९९०८१ |
| २ | वायोस्टयाण्ड फिल्टर | ५ | १०० थान | ८०।२०८१।१०।२८ | ४९९२३४ |
| | **जम्मा** | | | | **१०९८३१५** |

| अनियमित भएको | १०,९८,३१५ |
|---|---|

## ५० पेश्की जमानतको म्याद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(३) मा आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकलाई पेश्की दिँदा त्यस्तो पेश्की रकम खाम्ने गरी र निजले सम्झौता बमोजिम काम नगरेमा सो निकायले अनुरोध गरेपछि तत्काल त्यस्तो निकायलाई भुक्तानी गर्ने गरी बाणिज्य बैंकबाट जारी भएको बैंक जमानत लिई पेश्की दिनुपर्ने, नियम ११३(४) मा उपनियम ३ बमोजिमको बैंक जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फर्स्यौट गर्नुपर्ने अवधिभन्दा कम्तिमा एक महिना भन्दा बढि अवधिको हुनुपर्ने व्यवस्था छ। पालिकाले ठेक्का नं. MG/W/NCB/MNPO-26/2080/81 को निर्माण कार्यको लागि निर्माण व्यवसायी कल्पेश्वर सविना जे.भि. सँग सम्झौता गर्दा रु.२०००००० को पेश्की जमानतको म्याद २०८१।९।९ सम्म राखी रु.२०००००० पेश्की रकम भुक्तानी गरेको देखिन्छ। पालिकाले पहिलो रनिङ्ग बिल बापतको रकम २०८१।८।२३ मा भुक्तानी गर्दा रु.१०००००० पेश्की फर्स्यौट गरेको र २०८१।१०।१४ मा अन्तिम बिल बापतको रकम भुक्तानी गर्दा बाँकी रु.१०००००० पेश्की फर्स्यौट गरेको देखिन्छ। यसरी पेश्की जमानतको म्याद २०८१।९।९ सम्म रहेकोमा २०८१।१०।१४ मा पेश्की फर्स्यौट गरेको देखिन्छ। पेश्की फर्स्यौट गर्नुपर्ने अवधिभन्दा कम्तिमा एक महिना भन्दा बढि अवधिको पेश्की जमानत लिई पेश्की रकम दिने व्यवस्था गर्नुपर्दछ।

## ५१ खरिदमा प्रतिष्पर्धा

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा सम्भव भएसम्म खुला रुपमा बोलपत्र आह्वान गरी गर्नुपर्ने र योग्य बोलपत्रदातालाई त्यस्तो खरिद प्रक्रियामा सहभागी हुन बिना भेदभाव समान अवसर प्रदान गर्नुपर्ने व्यवस्था छ। पालिकाले सोझै खरिद विधिबाट खरिद कार्य गरेका मध्ये नमुना छनौट गरी हेर्दा देहाय अनुसार तिन वटा फर्महरुबाट दररेट माग गरी खरिद गरेको देखिन्छ। पालिकाले सबैजसो कार्यको लागि तिन वटा फर्मसँग मात्र दररेट माग गरी कम कबोल गर्नेसँग सम्झौता गर्ने गरेको देखिन्छ। नमुना छनौट गरी पालिकाको लागत अनुमान र तिन वटा फर्मको दररेट तुलना गर्दा वास्तविक रुपमा प्रतिष्पर्धा भएको कुरामा एकिन हुन सक्ने देखिएन। खरिद गर्दा प्रतिष्पर्धा गराई आधिकाधिक संख्यामा सेवा प्रदायक/निर्माण व्यवसायी/आपूर्तिकर्ताले भाग लिन पाउने गरी गर्नुपर्दछ।

| क्र.सं. | कामको विवरण | लागत अनुमान | फर्मको नाम | रकम रु. |
|---|---|---|---|---|
| १ | कुसुम्बाघाटदेखि लिवाङगी टोलोसम्मको सडक स्तरोन्नती | ९०८९०९ | सानोश्री निर्माण सेवा | ९०८०७३ |
| | | | अर्नभ कन्स्ट्रक्सन | ९०८५३४ |
| | | | के.सी. कन्स्ट्रक्सन | ९०७२७२ |
| २ | आयमूलक भवन फिनिसिङ्ग कार्य | ८७३५३९ | शारदा निर्माण सेवा | ८७१८१५ |
| | | | कोन्छयोग सोम निर्माण सेवा | ८७१४९० |
| | | | स्वर्गद्वारी निर्माण सेवा | ८७०३८९ |
| ३ | ८ नं. वडा कार्यालय भवन निर्माण | ९९१६६५ | सानोश्री निर्माण सेवा | ९९०९८६ |
| | | | अर्नभ कन्स्ट्रक्सन | ९९००८० |
| | | | कोन्छयोग सोम निर्माण सेवा | ९८९१७६ |

५२ **उपभोक्ता समितिलाई म्याद थप**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६(१) मा खरिद सम्झौताको अवधि थप सम्बन्धी व्यवस्था सम्बन्धित खरिद सम्झौतामा उल्लेख भए बमोजिम हुने व्यवस्था छ। पालिकाले देहायका कार्य गर्नको लागि गठन भएका उपभोक्ता समितिसँग गरेको सम्झौतामा म्याद थप सम्बन्धी व्यवस्था गरेको देखिदैंन। पालिकाले आर्थिक बर्ष २०८०।०८१ मा सम्झौता गरी कार्यादेश दिएका देहायका उपभोक्ता समितिको म्याद २०८२ जेष्ठ मसान्तसम्म थप गर्ने निर्णय गरी यो बर्ष भुक्तानी गरेको देखिन्छ। सम्झौता बमोजिमको निर्धारित समयमा कार्य सम्पन्न गर्नको लागि उपभोक्ता समितिलाई जिम्मेवार बनाई सम्झौतामा नभएको व्यवस्था विपरीत म्याद थप गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

| क्र.सं. | योजना | उपभोक्ता समिति | थप भएको म्याद |
|---|---|---|---|
| १ | लठुवा घाटमा मन्दिर निर्माण | लठुवाघाट मन्दिर निर्माण उपभोक्ता समिति | २०८२ जेष्ठ मसान्त |
| २ | त्रिभुवन मा.वि., सूर्यपटुवा कक्षाकोठा निर्माण | त्रिभुवन मा.वि. कक्षाकोठा निर्माण उपभोक्ता समिति | २०८२ जेष्ठ मसान्त |
| ३ | threeताराताल भुरीगाउँ तेलपानी हुँदै राराताल जोड्नको लागि वस्ति विकास योजना कल्भर्ट निर्माण | कुसुम्बा बजार कल्भर्ट निर्माण उपभोक्ता समिति | २०८२ जेष्ठ मसान्त |
| ४ | अधुरो कालिका मन्दिर निर्माण | अधुरो कालिका मन्दिर निर्माण उपभोक्ता समिति | २०८२ जेष्ठ मसान्त |

५३ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै पक्षको कर्तव्य हुने उल्लेख छ। पालिकाले दिएको विवरण अनुसार निम्नअनुसारको गत आर्थिक वर्षको म्याद नाघेको पेश्की रू.२,०९,५२,१८१ रहेको छ। पेश्की बाँकी रकम नियमानुसार फर्स्यौट गर्नुपर्दछ।

| क्र.सं. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | गत आ.व. म्याद नाघेको | जम्मा |
|---|---|---|---|---|
| १ | समपूरक कोष | आलम गिरी जे.भी | ४७,८०,००० | ४७,८०,००० |
| २ | सडकतथा पूल निर्माण | महादेवखिम्ति निर्माण सेवा प्रा. लि. | ३१,६४,१८१ | ३१,६४,१८१ |
| ३ | सडकतथा पूल निर्माण | रोयलप्रशंसा ब्लाक वक जे.भी | १०,००,००० | १०,००,००० |
| ४ | सडकतथा पूल निर्माण | सिस्नेकन्स्ट्रक्सन प्रा.लि. | ८५,००,००० | ८५,००,००० |
| ५ | हुलाकीसडक ओराली बजारदेखि ओराही खोला पुल हुँदै डल्ला होमस्टे | सिस्नेकन्स्ट्रक्सन प्रा.लि. | १८,४८,००० | १८,४८,००० |
| ६ | नेपालराष्ट्रिय नमुना मा वि ढोढरी गाँउ होमस्टे देखि कुम्राघाट जाने बाटो कालोपत्रेमधुवन न पा ४ | आलमगिरी जे.भी | ७,२०,००० | ७,२०,००० |
| ७ | वडान ५ र ६ को सिमाना देखि गुराँस स्कुल जाने सडक स्तरोउन्नती वडा न ६ | आलमगिरी जे.भी | ९,४०,००० | ९,४०,००० |
| | | कुलजम्मा | २,०९,५२,१८१ | २,०९,५२,१८१ |

## ५४ समपूरक अनुदान

समपूरक अनुदान सम्बन्धी कार्यविधि,२०८१ को दफा ९ मा नेपाल सरकारले योजना आयोगबाट छनौट भएको आयोजना वा कार्यक्रम कार्यान्वयनको लागि स्थानीय तहलाई अनुसूची ३ बमोजिमको रकम समपूरक अनुदान प्रदान गर्न सक्ने, अनुसूची ३ मा मधुवन नगरपालिकालाई समुह ङ मा राखिएको, ङ वर्गको लागि नेपाल सरकारले उपलब्ध गराउने अधिकतम अनुदान ४० प्रतिशत र स्थानीय सरकारले विनियोजन गर्ने न्युनतम प्रतिशत ६० रहने उल्लेख छ। त्यस्तै लुम्बिनी प्रदेश सरकारले जारी गरेको प्रदेश समपुरक अनुदान व्यवस्थापन (दोस्रो संशोधन) कार्यविधि, २०८१ को दफा ४(३) मा प्रदेश सरकारले अनुसूची १ मा उल्लेख भए बमोजिमको स्थानीय तहको वर्गिकरण र लागत सहभागिताको आधारमा समपुरक अनुदान प्रदान गरिने व्यवस्था, अनुसूची ३ मा मधुवन नगरपालिकालाई समुह ग मा राखिएको, ग वर्गको लागि प्रदेश सरकारले उपलब्ध गराउने अधिकतम अनुदान ५० प्रतिशत र स्थानीय सरकारले विनियोजन गर्ने न्युनतम प्रतिशत ५० रहने उल्लेख छ। पालिकाले यस वर्ष ठेक्का व्यवस्थापन गरी प्रदेश समपूरक अनुदानबाट सञ्चालित देहायका आयोजनामा प्रदेश सरकारको लागत सहभागिता प्रतिशत कार्यविधिमा उल्लेख गरेको भन्दा बढि हुने गरी भुक्तानी गरेको देखिएकोले बढि भुक्तानी गरेको रकम प्रदेश संचित कोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| क्र.सं. | ठेक्का नं. | कुल भुक्तानी रकम | पालिका तर्फबाट गरेको भुक्तानी | प्रदेश तर्फबाट गरेको भुक्तानी | प्रदेश तर्फको बढि भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | MG/NCB/NMPO-6/2081/82 | ८३९२०३२ | ३३९२०४२ | ४९९९९९० | ८०३९७४ | प्रदेश |
| २ | MG/NCB/NMPO-8/2081/82 | ८४७०६७० | १६३८६७९ | ६८३१९९१ | २५९६६५६ | प्रदेश |
| | | | | | प्रमाण पेश नगरेको | ३४,००,६३० |

## ५५ पेश्की रकम

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११३(५) मा सार्वजनिक निकायले उपनियम १ बमोजिम दिएको पेश्की खरिद सम्झौतामा उल्लेख भए बमोजिम प्रत्येक रनिङ्ग बिल वा अन्य बिल बिजकबाट कट्टा गर्नुपर्ने व्यवस्था छ। देहायका निर्माण कार्यको ठेक्काको म्याद समाप्त भएको एक वर्ष बितिसकेकोमा दुई वर्ष पहिले लगेको पेश्की रकम कुनै पनि फर्स्योट गरेको देखिएन भने

लेखापरीक्षण अवधिसम्म पनि म्याद थप गरेको देखिएन। बाँकी कार्य सम्पन्न गरी पेश्की फर्स्योट गरेको वा असुल गरी पेश्की फर्स्योट गरेको प्रमाण पेश गर्नुपर्ने देखिएको रु.

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | पेश्की रकम | सम्झौता मिति | म्याद | निर्माण व्यवसायी |
|---|---|---|---|---|---|---|
| १ | NCB/MNPO-8/2080-81 | ओराली हुँदै गङ्गापटुवा जाने कालोपत्रे | ४२००००० | २०८०।९।१८ | २०८१।९।३० | आलम गिरी जे.भी |
| २ | NCB/MNPO-9/2080-81 | पुरानो वडा कार्यालय हुँदै हुलाकी सडक जोड्ने सडक कालोपत्रे | ५८०००० | २०८०।९।१८ | २०८१।९।३० | आलम गिरी जे.भी |
| ३ | NCB/MNPO-10/2080-81 | नेपाल राष्ट्रिय नमुना मा वि ढोढरी गाँउ होमस्टे देखि कुम्राघाट जाने बाटो कालोपत्रे | ७२०००० | २०८०।९।१८ | २०८१।९।३० | आलम गिरी जे.भी |
| ४ | NCB/MNPO-11/2080-81 | वडा न ५ र ६ को सिमाना देखि गुराँस स्कुल जाने सडक स्तरोन्नती | ९४०००० | २०८०।९।१८ | २०८१।९।३० | आलम गिरी जे.भी |
| | **जम्मा** | | **६४४००००** | | | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६४,४०,००० |

५६ **ओराली बजारदेखि रजवारा हुँदै ठाकुरबाबा सिमाना जोड्ने सडक कालोपत्रे**

ठेक्का नं. MG/W/NCB/MNPO-2/2079/80, ओराली बजारदेखि रजवारा हुँदै ठाकुरबाबा सिमाना जोड्ने सडक कालोपत्रे गर्ने कार्यको लागि सिस्ने कन्स्ट्रक्सन प्रा.लि. सँग कबोल रकम रु. ९६६९५६२८ मा सम्झौता भएकोमा यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन् ।

५६.१ **म्याद थप:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) मा सम्झौता बमोजिम काम सुरु नगरेमा, काम सुरु गरी बिचैमा छोडेमा वा सम्झौता बमोजिम कामको प्रगती नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्ने, दफा ५९(८) मा सम्झौता अन्त्य भएमा सो काम वापत राखिएको पुरै जमानत जफत हुने, सम्झौता अन्त्य गरेको कारणले सम्झौता बमोजिम बाँकी रहेको कार्य पुरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल उपर गर्नुपर्ने व्यवस्था रहेको छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकको ढिलाईका कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ। पालिकाले यस बर्ष रु. २६७९१३४१ सहित हालसम्म रु. ५४०५४९५८ भुक्तानी गरेकोमा ५६ प्रतिशत भौतिक तथा वित्तिय प्रगती भएको देखिन्छ। दुई पटक म्याद थप गरी २०८२।५।३० सम्म पुर्याएकोमा लेखापरीक्षण अवधिसम्म म्याद समाप्त भएको देखिन्छ। मनाशिव कारणसहित म्याद थपको लागि निवेदन पेश गरेको भए म्याद थप गरी कार्य सम्पन्न गर्न लगाउने वा सम्झौता अन्त्य गरी सो काम वापत राखिएको जमानत जफत गरी सम्झौता बमोजिम बाँकी रहेको कार्य पुरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम सरकारी बाँकी सरह असुल उपर गर्ने वा दैनिक ०.०५ प्रतिशतका दरले पूर्वनिर्धारित क्षतिपूर्ति लगाई बाँकी कार्य सम्पन्न गराउने गरी पालिकाले निर्णय गरी कार्य सम्पन्न गराउनुपर्दछ।

५६.२ **जोखिममा रहेको पेश्की रकम:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(३) मा आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकलाई पेश्की दिँदा त्यस्तो पेश्की रकम खाम्ने गरी र निजले सम्झौता बमोजिम काम नगरेमा सो निकायले अनुरोध गरेपछि तत्काल त्यस्तो निकायलाई भुक्तानी गर्ने गरी बाणिज्य बैंकबाट जारी भएको बैंक जमानत लिई पेश्की दिनुपर्ने, नियम ११३(४) मा उपनियम ३

बमोजिमको बैंक जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फर्स्यौट गर्नुपर्ने अवधिभन्दा कम्तिमा एक महिना भन्दा बढि अवधिको हुनुपर्ने व्यवस्था छ। पालिकाले दिएको पेश्कीमध्ये रु.८५००००० पेश्की रकम फर्स्यौट गर्न बाँकी रहेकोमा आयोजनाको म्याद २०८२।५।३० मा समाप्त भएकोमा म्याद थप भएको देखिएन। आयोजनाको म्याद थप गरी निर्माण कार्य सम्पन्न गरी पेश्की फर्स्यौट गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा पेश्की जमानतबाट असुल गरेको प्रमाण पेश गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८५,००,००० |

५७ **प्राकृतिक पदमार्ग निर्माण** (289-2082-03-24):

नेपाल पर्यटन बोर्डको ७० प्रतिशत र पालिकाको ३० प्रतिशत लागत साझेदारीमा ड्यामसम्म प्राकृतिक पदमार्ग निर्माणको लागि उपभोक्ता समिति गठन गरी कार्यादेश दिएकोमा रु.६६९३७७ को कार्य मूल्याङ्कन भएकोमा उपभोक्ता र बोर्डको सहभागिताको अंश कट्टा गरी पालिकाले रु.१२३१६५ भुक्तानी गर्नुपर्नेमा रु.१२५००० भुक्तानी गरेको देखिएकोले बढि भुक्तानी गरेको रकम असुल गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,८३५ |

५८ **म्याद थप नभएका योजना**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) मा सम्झौता बमोजिम काम सुरु नगरेमा, काम सुरु गरी बिचैमा छोडेमा वा सम्झौता बमोजिम कामको प्रगती नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्ने, दफा ५९(८) मा सम्झौता अन्त्य भएमा सो काम वापत राखिएको पुरै जमानत जफत हुने, सम्झौता अन्त्य गरेको कारणले सम्झौता बमोजिम बाँकी रहेको कार्य पुरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल उपर गर्नुपर्ने व्यवस्था रहेको छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकको ढिलाईका कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ। नगर कार्यपालिकाको ६४ औं बैठकले नगरपालिकासँग ठेक्का सम्झौता भई सञ्चालनमा रहेका ठेक्का सम्झौता बमोजिम सम्पन्न गर्नुपर्ने समयभित्र कार्य सम्पन्न नगर्ने र पटक पटक म्याद थप गर्दा पनि काम सम्पन्न नगर्ने प्रवृत्ति भएकाले अबउप्रान्त म्याद थप गर्दा नियमानुसार जरिवाना लिई म्याद थप गर्ने निर्णय गरेको देखिन्छ। देहायका आयोजनाको म्याद सकिएकोमा लेखापरीक्षण अवधिसम्म पनि म्याद थप गरेको देखिएन। कार्यापलिकाको निर्णय बमोजिम दैनिक ०.०५ प्रतिशतका दरले पूर्वनिर्धारित क्षतिपूर्ति लगाई बाँकी कार्य सम्पन्न गर्नुपर्दछ।

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | सम्झौता मिति | म्याद | निर्माण व्यवसायी |
|---|---|---|---|---|---|
| १ | NCB/MNPO-3/2078-79 | वडा नं. ६,७ र ८ का विभिन्न खण्डमा सडक कालोपत्रे | २०७८।९।१२ | २०८२।३।२६ | यादव मार्क जे.भि. |
| २ | NCB/MNPO-8/2080-81 | ओराली हुँदै गङ्गापटुवा जाने कालोपत्रे | २०८०।९।१८ | २०८१।९।३० | आलम गिरी जे.भी |
| ३ | NCB/MNPO-9/2080-81 | पुरानो वडा कार्यालय हुँदै हुलाकी सडक जोड्ने सडक कालोपत्रे | २०८०।९।१८ | २०८१।९।३० | आलम गिरी जे.भी |
| ४ | NCB/MNPO-10/2080-81 | नेपाल राष्ट्रिय नमुना मा वि ढोढरी गाँउ होमस्टे देखि कुम्राघाट जाने बाटो कालोपत्रे | २०८०।९।१८ | २०८१।९।३० | आलम गिरी जे.भी |
| ५ | NCB/MNPO-11/2080-81 | वडा न ५ र ६ को सिमाना देखि गुराँस स्कुल जाने सडक स्तरोन्नती | २०८०।९।१८ | २०८१।९।३० | आलम गिरी जे.भी |
| | **जम्मा** | | | | |

५९ **अम्मरपुरदेखि रजवारा जाने सडक कालोपत्रे** (278-2082-03-24):

अम्मरपुरदेखि रजवारा जाने सडक कालोपत्रे गर्ने कार्यको लागि प्रदेश सरकारबाट विनियोजन भएकोमा रु.१९९९४३५ को लागत अनुमान तयार गरी शिलबन्दी दरभाउपत्रको माध्यमबाट न्युनतम रकम रु.१६३८१६७ कबोल गर्ने सक्षम निर्माण सेवा प्रा.लि. सँग सम्झौता भई कार्यादेश दिएको देखिन्छ। निर्माण कार्य सम्पन्न भई रु. १५९५४१२ को कार्य मूल्याङ्कन भएकोमा त्यति रकम भुक्तानी गरी बाँकी रकम प्रदेश संचित कोषमा फिर्ता गर्नुपर्नेमा रु.२०००००० रकम त्यही सडक खण्डमा बोलपत्रको माध्यमबाट छनौट भई कार्य गरेको कालभैरव कन्स्ट्रक्सनलाई भुक्तानी गरेको देखिन्छ। प्रदेश सरकारबाट शशर्त अनुदानको रुपमा प्राप्त भएको रकम सम्बन्धित काममा खर्च गरी बाँकी रकम फिर्ता गर्नुपर्नेमा अर्को आयोजनामा भुक्तानी गरेको देखिएकोले सम्बन्धित आयोजनामा कार्य मूल्याङ्कन बापत भुक्तानी गर्नुपर्ने भन्दा बढि भुक्तानी गरेको रकम प्रदेश संचित कोष दाखिला गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,०४,५८८ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : मधुवन नगरपालिका, बर्दिया , मधुवन नगरपालिका , बर्दिया

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | भेष राज खनाल | २०८१-१२-२९ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | खिमराज पोखरेल | २०७६-४-२८ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ८४५,१२२ | १३,७८५,७७० | २०,६२५,८२५ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ३५,२५६,७१७ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | ५०६,७३० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ३४,७४९,९८७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ७१५२१०७९.१२ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३६६१८६९०१ | चालु खर्च | ४०७६३६३६४ |
| प्रदेश सरकारबाट अनुदान | २८४७३८९९ | पूँजीगत खर्च | १६५०४६९१० |
| राजश्व बाँडफाँट | १३९६६६३८४.०८ | वित्तीय/अन्य व्यवस्था | २६३३९३१७९ |
| आन्तरिक आय | २९५४७५८९.४३ | | |
| अन्य आय | २६६२६३३६४ | | |
| कुल आय | ८३०१३८१३७.५१ | कुल खर्च | ८३६०७६४५३ |
| बाँकी मौज्दात | | ६५५८२७६३.६३ | |

## अनुसूची - २

## बेरूजु दफा ३.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.स./आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | १४,७१,९७,९०५.४५ | ०.०० | १४,७१,९७,९०५.४५ | १२,७६,१६,८०३.१७ | ०.०० | १२,७६,१६,८०३.१७ |
| १३००० | अनुदान | | ३९,४६,६०,८००.०० | ०.०० | ३९,४६,६०,८००.०० | ३९,५३,५९,७८६.०० | ०.०० | ३९,५३,५९,७८६.०० |
| १४००० | अन्य राजस्व | | १,७८,२५,१५५.०६ | ०.०० | १,७८,२५,१५५.०६ | ४,०५,६७,७६३.५४ | ०.०० | ४,०५,६७,७६३.५४ |
| १५००० | विविध प्राप्ति | | ४१,९०,८९३.०० | ०.०० | ४१,९०,८९३.०० | ०.०० | ०.०० | ०.०० |
| क | कुल जम्मा प्राप्ति | | ५६,३८,७४,७५३.५१ | | ५६,३८,७४,७५३.५१ | ५६,३५,४४,३५२.७१ | | ५६,३५,४४,३५२.७१ |
| ३ | चालु | | ४०,७६,३६,३६४.०० | ०.०० | ४०,७६,३६,३६४.०० | ३९,३७,२६,२३५.६७ | ०.०० | ३९,३७,२६,२३५.६७ |
| २१००० | पारिश्रमिक / सुविधा | | २५,५५,६९,५७३.०० | ०.०० | २५,५५,६९,५७३.०० | २५,०२,२४,८९१.०० | ०.०० | २५,०२,२४,८९१.०० |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ९,१८,६५,२५५.०० | ०.०० | ९,१८,६५,२५५.०० | ९,२०,०२,७५२.६७ | ०.०० | ९,२०,०२,७५२.६७ |
| २५००० | सहायता (Subsidy) | | ४,८२,४६,३२९.०० | ०.०० | ४,८२,४६,३२९.०० | ४,१३,०१,७८६.०० | ०.०० | ४,१३,०१,७८६.०० |
| २७००० | सामाजिक सुरक्षा | | १,०४,९५,११९.०० | ०.०० | १,०४,९५,११९.०० | ९०,५६,१८९.०० | ०.०० | ९०,५६,१८९.०० |
| २८००० | अन्य खर्च | | १४,६०,०८८.०० | ०.०० | १४,६०,०८८.०० | ११,४०,६१७.०० | ०.०० | ११,४०,६१७.०० |
| ४ | पूंजीगत | | १६,५०,४६,९१०.०० | ०.०० | १६,५०,४६,९१०.०० | १५,९२,७७,६०१.७२ | ०.०० | १५,९२,७७,६०१.७२ |
| ३१११० | भवन तथा संरचना | | २,०१,३३,६१७.०० | ०.०० | २,०१,३३,६१७.०० | २,३८,४५,६८६.०० | ०.०० | २,३८,४५,६८६.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ३९,६७,७३८.०० | ०.०० | ३९,६७,७३८.०० | १४,६८,३७०.०० | ०.०० | १४,६८,३७०.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | | ४२,१४०.०० | ०.०० | ४२,१४०.०० | १३,९४,९९५.०० | ०.०० | १३,९४,९९५.०० |
| ३११५० | सार्वजनिक निर्माण | | १४,०८,०६,७३१.०० | ०.०० | १४,०८,०६,७३१.०० | १३,२२,५०,५३८.७२ | ०.०० | १३,२२,५०,५३८.७२ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | ९६,६८४.०० | ०.०० | ९६,६८४.०० | ३,१८,०१२.०० | ०.०० | ३,१८,०१२.०० |
| ख) | कुल जम्मा भुक्तानी | | ५७,२६,८३,२७४.०० | | ५७,२६,८३,२७४.०० | ५५,३०,०३,८३७.३९ | | ५५,३०,०३,८३७.३९ |
| ग) | बचत /कमी (ग = क-ख ) | | (८८,०८,५२०.४९) | | (८८,०८,५२०.४९) | १,०५,४०,५१५.३२ | | १,०५,४०,५१५.३२ |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | | २८,७०,२०५.०० | | २८,७०,२०५.०० | (२,७८,२७,०७६.७५) | | (२,७८,२७,०७६.७५) |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | ८२,७३९.०० | | ८२,७३९.०० | (२,७४५.००) | | (२,७४५.००) |
| | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | (५९,३८,३१५.४९) | | (५९,३८,३१५.४९) | (१,७२,८६,५६१.४३) | | (१,७२,८६,५६१.४३) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ७,१५,२१,०७९.१२ | | ७,१५,२१,०७९.१२ | ८,८८,०७,६४०.५५ | | ८,८८,०७,६४०.५५ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | ६,५५,८२,७६३.६३ | | ६,५५,८२,७६३.६३ | ७,१५,२१,०७९.१२ | | ७,१५,२१,०७९.१२ |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग-अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।

- भारी यन्त्र उपकरणहरू निःशुल्क रूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- यस वर्षको आन्तरिक लेखापरीक्षण गरेको छैन। कानुन बमोजिम समयमा आन्तरिक लेखापरीक्षण गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनुपर्दछ।